# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## हुप्सेकोट गाउँपालिका
## नवलपरासी ब.सु.पू.

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

हुप्सेकोट गाउँपालिका

नवलपरासी ब.सु.पू.

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## हुप्सेकोट गाउँपालिका

## नवलपरासी ब.सु.पू.

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ।यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१ जेठ** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**
**अनामनगर/बबरमहल, काठमाडौं, नेपाल**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
गण्डकी प्रदेश

मितिः२०८१।०२।११

प.सं. २०८०।८१

च.नं. ७२

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,

हुप्सेकोट गाउँपालिका, हुप्सेकोट गाउँकार्यपालिकाको कार्यालय,

नवलपूर ।

१. **कैफियत सहितको राय** – हामीले **हुप्सेकोट गाउँपालिका**को आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.६ करोड ८२ लाख ५० हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु १४ लाख ४३ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू– ४७ लाख २४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड १७ लाख ७१ हजार, नियमित गर्नुपर्ने रु. ३० लाख ७८ हजार र पेश्की बाँकी रु. ५३ लाख ८३ हजार समेत रु २ करोड ४९ लाख ५६ हजार रहेको छ । **हुप्सेकोट गाउँपालिका**को गतवर्ष सम्म रु. ६ करोड **८२** लाख **५०** हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ६ करोड **८५** लाख १२ हजार रहेको छ । **हुप्सेकोट गाउँपालिका**को बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने **हुप्सेकोट गाउँ**पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी **हुप्सेकोट गाउँ**पालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(जयराम घिमिरे)

**नायब महालेखापरीक्षक**

# हुप्सेकोट गाउँपालिका,

# नवलपुर जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्ध | लग | | सैद्ध | लग | | सैद्ध | लग | | | | | | | | |
| ५८ | ६७ | २१०१६ | १ | ६ | १४४३ | ५७ | ६१ | २४९५६ | ४७२४ | ३०७८ | ११७७१ | ० | ० | १४८४९ | ५३८३ |

*नोटः छुट पेश्की बेरुजुलाई बाँकी बेरुजुको महलमा थप गरी कायम गरिएको छ ।*

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| नवलपूर | ६८२५० | ० | २४६९४ | ४३५५६ | ० | २४९५६ | ६८५१२ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|
| २०७९।८० (चालु वर्षको) | | | |
| | ६० | वितरणको भरपाइ | ९७५८१ |
| | ६३ | बिलबुक पेश नभएको | ८२८००० |
| | ७१ | न्यानो झोला वितरण | ४७४३४ |
| | ७९ | फर्निचर खरिद | २००००० |
| | ८० | विद्यालय सुधार योजना | १४५००० |
| | ८६ | गाडी भाडा सम्झौता | १२५५०० |
| चालु वर्षको जम्मा | | | १४४३५१५ |
| प्रतिक्रियाबाट थप | | | ५३८३२१९ |
| गत विगत वर्षतर्फको | | | |
| २०७८।७९ | | | |
| | | | १२९०२५१ |
| २०७७।७८ | | | |
| कुल जम्मा | | | २९७८१०० |
| २०७६।७७ | | | |
| कुल जम्मा | | | १०१११२७२ |
| २०७५।७६ | | | |
| कुल जम्मा | | | ९५१४६१३ |
| २०७४।७५ | | | |
| कुल जम्मा | | | ७९९७०१ |
| गत विगतको जम्मा | | | २४६९३९३७ |
| कुल जम्मा | | | २६१३७४५२ |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

१ **परिचय**

**(क) कार्यालय परिचय -** संघ प्रदेश सरकारबाट प्राप्त अनुदान तथा राजश्व बाँडफाँट एवं पालिकाको आन्तरिक श्रोत साधनको अधिकतम उपयोग गरी संविधानको अनुसुचीमा उल्लेखित कार्यहरु सम्पादन गरी नागरिकलाई अधिकतम लाभ प्रदान गर्नु पालिकाको उदेश्य रहेकोछ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।९।१ देखि २०८०।९।५ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थितिः -** कार्यालयको विनियोजनतर्फ, राजश्वतर्फ, धरौटीतर्फ, अन्य कारोबारतर्फ, आय — व्ययतर्फ, सम्पत्ति तथा दायित्वको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

**(छ) लेखापरीक्षणको क्रममा असुलीः -** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ७९८८८८ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|

| | | |
|---|---|---|
| १ | नर्म्स भन्दा बढि भुक्तानी | ८४४५० |
| २ | विद्यालयमा आ व ७७।७८ मा निकासा अनुदान रकम खर्च नभएको | ६५०००० |
| ३ | सामाजिक सुरक्षा भत्ता | ६४४३८ |

**लेखापरीक्षणबाट देखिएका व्यहोराहरु**

२ **आन्तरीक नियन्त्रणः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो कार्य गरेको पाइयो ।
- • पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची २१४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गरेको ।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखे पनि पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।
- कार्यालयको श्रेष्ता र वैक विचको हिसाव ग ४.१ संचित कोष खाता इएफ टी असफल तथा चेक नसाटिएकाले मौज्दात बढी देखिएको ।
- स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेको ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको ।
- विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठी तर्फ भई वितणमुखि रहेको पाईयो।
- वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको
- पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ३१ जनाको दरबन्दी रहेकोमा ७ दरबन्दी रिक्त रहेको पाईयो ।
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।
- निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।
- निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गरेको ।

- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू यस कार्यालयमा प्राप्त नभएको तर साविक धौवादी देउराली र हुप्सेकोट गाउँ विकास समितको पेश्की वेरुजुको लगत कायम भएकोले पेश्की वेरुजुहरु क्रमश सम्परिक्षण गरिएको ।.

हुप्सेकोट गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३ **वित्तीय विवरण -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्ः

- स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छ ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईयो ।

मलेप फा नं २७२ अनुसूचीमा संलग्न छ ।

**(विस्तृत विवरण बेरूजु दफा ३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४ **चौमासिक खर्च -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| **बजेट उपशिर्षक** | **कुल खर्च** | **चौमासिक खर्च रु हजारमा** | | | |
|---|---|---|---|---|---|
| | | **प्रथम चौमासिक** | **दोस्रो चौमासिक** | **तेश्रो चौमासिक** | **आषाढ महिना** |
| पूँजिगत खर्च | १७९२९६ | २०६६६ | ४२३४५ | ११६२८३ | ६३१६२ |
| जम्मा खर्च | **४७१२३४** | १०००४४ | १२३६९६ | २४७५८३ | १५२९४० |

| प्रतिशत | १०० | २१.२३ | २६.२४ | ५२.५३ | ३२.४४ |
|---|---|---|---|---|---|

पालिकाले उपलब्ध गराएको विवरण अनुसार बार्षिक रु. ५०३०८०७३९ निकासा भएकोमा प्रथम चौमासिकमा रु. १०००४४६१४- अर्थात् २१.२३ प्रतिशत, दोश्रो चौमासिकमा रु. १२३६९६२१४- अर्थात २६.२४ प्रतिशत र तेश्रो चौमासिकमा रु.२४७५८३४९अर्थात् ५२.५३ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी आषाढ महिनामा मात्र रु १५२९४०७३४ अर्थात् ३२.४४ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

५ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १०१६२३७११, पूर्वाधार विकास कार्यक्रमको रु. १८०००००० र प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम रु. ५६३३६५६ समेत गरी रु १२५२५७३६७ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

६ **फरक हिसाब —** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. ९९८४८२५ , यस वर्षको प्राप्ति रु. ११५९६३६८१ यस वर्षको भुक्तानी रु. १३३३२७९३६ र बैंक्ष मौज्दात रु. ७३७९४३० फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैंङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ४७७०३६१६ | ४९१२३५३२४ | ४८१३२२७९२ | ४८७१२४९३ |
| एकीकृत आर्थिक विवरणअनुसार | ५७६८८४४१ | ६०७१९९००५ | ६१४६५०७२८ | ५०२३६७१८ |
| **फरक** | **(९९८४८२५)** | **(११५९६३६८१)** | **(१३३३२७९३६)** | **१५२४२२५** |

७ **न्यायीक समिति —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा दर्ता ४५ वटा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा मिलापत्र भएका ३४ वटा, न्यायीक समितिको निणर्य

बमोजिम ५ वटा अदालतमा सिफारिस, ४५ वटा विवाद दर्ता भएको ३९ वटा टुङ्गो लागेको छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १० र यो बर्ष थप भएको ४५ गरी कुल ५५ विवाद दर्ता भएकोमा ४९ वटा मात्र फछ्र्यौट भको देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

८ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

९ **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समिति गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

१० **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुख श्री पूर्ण सिँ राना मगरले मिति २०७९/०३/१० गते रु. ५९,४३,००,००० को बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७९/०३/१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९/०३/१४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।

११ **अनुदानको प्रभावकारिता -** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार स्वास्थ्य कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा रु. २० लाख १५ हजार तथा

विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा रु. १५ लाख ६ हजार गरी रु. ३५ लाख २१ हजार खर्च लेखेका छन । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

१२ **क्षेत्रगत बजेट र खर्चको स्थिति -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **क्र.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत जम्मा खर्चको तुलनामा** |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३७६३७५०० | २३१७१७१५ | ५ |
| २ | पूर्वाधार विकास | २३९९२५८६५ | १४६७०५६८८ | ३१ |
| ३ | सामाजिक विकास | २४१४०७००० | २१२३९१७०६ | ४५ |
| ४ | बातावरणतथाविपद विकास | ९०१५०० | ४१९९२० | ० |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १९२५८००० | १३८९८५०१ | ३ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ८३७१२००० | ७४७३६९४५ | १६ |
| **जम्मा** | | **६२२८४१८६५** | **४७१३२४४७५** | **१००** |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा ४५. प्रतिशत र. वातावरण तथा विपदमा सबै भन्दा घटीमा ०.०९ प्रतिशत रहेको छ ।

१३ **बैंक हिसाब मिलान -** स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ। सो बमोजिम मासिक रुपमा खेस्ता र बैंक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गर्नुपर्दछ ।

| **सि नं** | **खाताको नाम** | **श्रेस्ता अनुसार बाँकी** | **बैंक अनुसार बाँकी** | **फरक** | **कैफियत** |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | ग-1.1 आन्तरिक राजश्व खाता | ० | ० | ० | |
| २ | ग-1.2 बाँडफाँडबाट प्राप्त राजश्व खाता | ० | ० | ० | |
| ३ | ग-1.3 आन्तरिक अनुदान खाता | ० | ० | ० | |
| ४ | ग-2.2 चालू खर्च खाता – जोर बर्ष | ० | ० | ० | |
| ५ | ग-2.4 पुँजिगत खर्च खाता – जोर बर्ष | ० | ० | ० | |
| ६ | ग-2.7 विविध खर्च खाता | ६६३५१९१ | ६६३५१९१ | ० | |
| ७ | ग-3 धरौटी खाता | ९२५७००७.०५ | ९२५७००७.०५ | ० | |
| ८ | ग-4.1 संचित कोष खाता | ३०३६०४५०.९३ | ३१७५६२६४.५५ | १३९५८१३.६२ | **EFT** असफल तथा चेक नसाटिएकाले मौज्दात बढी देखिएको |
| ९ | ग-5.1 विविध कोष खाता | ११००००० | ११०००००० | ० | |
| १० | ग-6.1 विभाज्य कोष खाता | १२२६६२ | १२२६६२ | ० | |
| ११ | ग-7.2 प्रकोष व्यवस्थापन कोष खाता | १३६५५९४.३७ | १३६५५९४.३७ | ० | |

१४ **कर्मचारी प्रोत्साहन भत्ता** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । गाउँ कार्यपालिकाको निर्यण बमोजिम अतिरिक्त काम गरे वापत पदीय हिसावमा बार्षिक रु.१२०००० रकम भुक्तानी गरिएको देखिन्छ ।

१५ **वडा सचिवको पदपूर्ति** - पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।

| वडा संख्या | वडा सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ६ | ६ | ३ | ३ |

१६ **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय

तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित २४ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जिनियर, सहित ९ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१७ **कर्मचारी करार —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न (इन्जिनियर, कम्प्यूटर अपरेटर,सवारी चालक, वडाहरुमा कार्यालय सहयोगीहरु मात्र पदमा २९ जना कर्मचारीहरु करारमा राखि रु ११५८०३९६ खर्च लेखेको छ ।

१८ **योजना र कार्यान्वयन —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समिति/निर्माण व्यवसायी मार्फत भएका कामका योजनाहरू देहायअनुसार छन्ः

| **क्र.सं.** | **विवरण** | **योजनासंख्या** | **रकम रू.** |
|---|---|---|---|
| १ | रु.१ लाखभन्दा कमको योजना | ४५ | ३५७३७७५ |
| २ | रु.१ लाख एकदेखि पाँच लाख सम्मका योजना | ९७ | २७२६२८२५ |
| ३ | रु.५ लाखदेखि १० लाख सम्मका योजना | १७ | १३७९७२७५ |
| ४ | रु.१० लाख एकदेखि ५० लाख सम्मका योजना | १० | १५३०२००० |
| ५ | रु.५० लाख भन्दा माथिका | ६ | ९२३४५५८४ |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु. १ लाख देखि. ५० लाख सम्मका जम्मा १२४ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र ४५ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

१९ **खर्च बिश्लेषण -** पालिकाले यस बर्ष कुल आन्तरिक आयबाट रु. १६९८८४८५। राजस्व बाँडफाँड र अनुदानबाट रु.४५८७०५२३९/- समेत रु. ४७५६९३७२४ । आम्दानी भएकोमा चालु तर्फ रु. २९२०२८३९३। र पूँजिगत तर्फ रु. १७९२९६०८२। र बित्तिय ब्यबस्था तर्फ रु.० समेत रु. ४७१३२४४७५। खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ३.६ प्रतिशत रहेको छ । यस बर्ष पदाधिकारी सुबिधामा रु. ७२५००००। खर्च भएको छ जुन आन्तरिक आयको ४२.६७ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५८.०४ प्रतिशत चालु र ३५.६४ प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

२० **आर्थिक सहायता -** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५मा सरकारको बार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता तथा औषधी उपचार खर्च वापत आर्थिक प्रदान गर्ने, यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलव्ध गराउन नहुने व्यवस्था छ।साथै उपरोक्त व्यवस्था प्रदेश सरकार तथा स्थानीय तहका सवै कार्यालयहरु, सवै पदाधिकारी एंव कर्मचारीहरुले पालना गर्नुपर्ने उक्त मार्गदर्शनमा उल्लेख छ।पालिकाले यस वर्ष आर्थिक सहायतामा २१ लाख ६० हजार ९९७ खर्च लेखेको छ ।आर्थिक सहायता वितरण गर्नुपुर्व पालिकाले आर्थिक सहायता मापदण्ड एंव कार्यविधिको पालना नगरेको, ठूलो रकम आर्थिक सहायताको रुपमा व्यक्ति तथा संस्थालाई वितरण गर्ने गरेको, आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको लगत राख्ने नगरेको तथा सम्वन्धित वडाध्यक्षहरुको सिफारिसमा समेत सहायता दिएको जस्ता अवस्था देखियो।पालिकाले आर्थिक सहायता एंव अनुत्पादक चालु प्रकृतिका खर्चमा कटौती नगरी पूँजिगत खर्चको हिस्सा बढाउन सक्ने अवस्था छैन।उत्पादनशिल क्षेत्रमा लगानी नगरी आर्थिक बृद्धि हासिल गर्न नसकिने भएकोले यस्ता प्रकृतिका खर्चमा कटौती गर्नुका साथै तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता र औषधी उपचार खर्च लेख्नुपर्ने देखिन्छ।

२१ **सम्पत्ति हस्तान्तरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७9 असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार गरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान सामानहरु जिम्मेवारी सारेको पाईयो ।

२२ **जिन्सी निरीक्षण प्रतिवेदन -** गण्डकी प्रदेश र्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ९३ बमोजिम तयार गरिएको जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेखित लिलाम बिक्री गर्नुपर्ने जिन्सी मालसामान नियम ९५ बमोजिम एक महिनाभित्र प्रक्रिया शुरु गर्नुपर्ने तथा मर्मत सम्भार गर्नुपर्ने मालसामानको हकमा तिन महिना भित्र मर्मत सम्भार गरिसक्नु पर्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त जिन्सी निरीक्षण प्रतिवेदन बमोजिम लिलाम बिक्री तथा मर्मत सम्भार गर्नुपर्ने कार्य नगरेकोले नियमानुसार गर्नुपर्ने देखिन्छ ।

२३ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिन्छ। स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्क वेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

२४ **सेवाप्रवाहको स्थिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था रहेको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्त भएको छ :

| **विवरण** | **जम्मा** |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ८ |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | ६०२ |
| मृत्युदर्ता | १८२ |
| बसाईसराई दर्ता | २३१ |
| विवाह दर्ता | २८४ |
| सम्बन्धविच्छेद दर्ता | ४२ |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवा प्रवाह मध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन ।

२५ **कानून र सञ्चालन स्थिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस पालिकाले हालसम्म १४ वटा ऐन, ३ वटा नियमावली, ३८ कार्यविधि, ३वटा मापदण्ड २ वटा निर्देशिका लगायत ६० वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।

२६ **बढी भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक नियकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सोही नियमावलीको नियम ९७ को उपनियम ६ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ। सार्वजनिक

निकायले नियम १२३ बमोजिम भुक्तानी दिँदा वास्तविक खर्च मूल्याङ्कन गरी भुक्तानी दिनुपर्नेमा पालिकाले देहायको भुक्तानी गर्दा समितिले पेश गरेको विल विजकमा सिमेन्टको मूल्य निम्मनानुसार तोकिएको जिल्ला दररेट भन्दा कम मूल्यमा खरिद गरेकोले सोही आधारमा मुल्याङ्कन गरी उपभोक्ता समितिलाई भुक्तानी गर्नुपर्नेमा बढी भुक्तानी भएको रु २५०६६० र सोको मुअकर बापत हुने रु ३२५८५ समेत गरी सम्बन्धितबाट असुल गरी स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु. २,८३,२४५/-

| गो भौ नं.मिति | जिल्ला दररेट बमोजिमको दर | बिल बमोजिमको दर | खरिद परिमाण बोरा | फरक दर | रकम | १३ % मू अ कर | सिमेन्टको प्रकार |
|---|---|---|---|---|---|---|---|
| **योजनाको नाम** | **महिला भवन निर्माण तल्लो रुम्सी उ.स. वडा नं.४** | | | | | | |
| २३२।२०८०/३/२३ | ६२० | ४३० | ९३ | १९० | १७६७० | २२९७ | पि.पि.सि. |
| **योजनाको नाम** | **तल्लो चारघरे आमा समूह भवन निर्माण वडा नं.४** | | | | | | |
| ९७,२०७९/१२/०५ | ६२० | ४४० | ६१ | १८० | १०९८० | १४२७ | पि.पि.सि. |
| **योजनाको नाम** | **कालीपारे आमा समूह भवन निर्माण उ.स. वडा नं.२** | | | | | | |
| ८०,२०७९/११/२८ | ६२० | ४५० | ३५ | १७० | ५९५० | ७७४ | पि.पि.सि. |
| **योजनाको नाम** | **अष्टलक्ष्मी आमा समूह अधुरो भवन निर्माण** | | | | | | |
| २७,२०७९/९/०७ | ७२५ | ६१० | २५ | ११५ | २८७५ | ३७४ | ओ.पि.सी. |
| **योजनाको नाम** | **जागरण कृषक समूह मार्फत कुलो निर्माण** | | | | | | |
| २२१,२०८०/३/२४ | ७२५ | ६२० | १५० | १०५ | १५७५० | २०४७ | ओ.पि.सी. |
| **योजनाको नाम** | **खसीबोका खरिद बिक्री केन्द्र संरक्षण कार्यक्रम** | | | | | | |
| २२,२०८०/३/१९ | ६२० | ४१५ | १४३ | २०५ | २९३१५ | ३८११ | पि.पि.सी. |
| ८१,२०७९/११/२८ | ७२५ | ६२० | १०० | १०५ | १०५०० | १३६५ | ओ.पि.सि. |
| **योजनाको नाम** | **चापागाई टोल देखि शिक्षा बोधनी हुँदै वन्टाकी टोलबाटो स्तरोन्नती** | | | | | | |
| २२२।२०८०/३/२२ | ७२५ | ५१२ | ७४० | २१३ | १५७६२० | २०४९० | पि.पि.सी. |
| | **जम्मा रकम** | | | | **२५०६६०** | **३२५८५** | |

२७ **अपाङ्गता र ज्येष्ठ नागरिक परिचय पत्र वितरण प्रणाली -** गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६ मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक भए नभएको निक्यौंल गरेर मात्र खर्च गर्नुपर्ने व्यवस्था उल्लेख छ ।पालिकाले गो भौ नं २१२।२०८०।०३।२० बाट स्मार्ट ट्रेडर्स नेपाल प्रालिलाई अपाङ्गता र ज्येष्ठ नागरिक परिचय पत्र वितरण प्रणाली खरिद वापत रु ३९४२००। भुक्तानी गरेको छ ।आपूर्तकसँग भएको सम्झौता अनुसार प्रणाली खरिद पश्चात तालिम समेत प्रदान गर्नुपर्ने दायित्व आपूर्तकको रहेकोमा तालिम सञ्चालन गरी ४९७ पुरानो अपाङ्ग परिचयपत्रलाई डिजिटलाइज गरिएको तर यस बर्षमा नयाँ निवेदन दर्ताको लागि घुम्ती शिविर कार्य बाँकी रहेकोले प्रणालीको प्रयोगबाट नयाँ परिचयपत्र वितरण गर्न नसकेको कार्यालयले जनाएको छ ।सरकारी रकम खर्च गर्दा आवश्यकता, औचित्यता एवं सम्भाव्यता विचार गरेर मात्र खर्च गर्ने कुरामा पालिकाले ध्यान पुर्याउनुपर्दछ ।

२८ **सफ्टवेयर खरिद -** नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले न्यायिक मामिला सूचना व्यवस्थापन प्रणाली तथा जेष्ठ नागरिक तथा अपाङ्गता परिचय सम्बन्धी सफ्टवेयर खरिद गरी देहायबमोजिम रु.७८९१३६५/- खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्टवयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

२९ **छनौटको आधार स्पष्ट नभएको -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८६को उपनियम ४ मा सार्वजनिक निकायले एक लाख भन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा तीनवटा आपूर्तिकर्ता वा सेवाप्रदायकबाट खरिद सामग्रीको आवश्यकता बमोजिम स्पेसिफिकेसन सहित लिखितरुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी प्राप्त दरभाउ मध्ये सस्तो र गुणस्तरीय सामान छनौट गरी खरिद गर्नुपर्छ कार्यालयले १९४।०८०।०३।२१ मा कोभिड १९ बाट पुगेको शैक्षिक क्षतिको परिपुरणको लागि विद्यार्थी मुल्यांकन स्रोत सामाग्री छपाई कार्यको लागि ३ वटा कम्पनिसग दरभाउपत्र माग गरेकोमा हिमश्री प्रिन्टर्स र सिदार्थ प्रिन्टर्सबाट एउटै दर रेट पेश भएको देखिन्छ । यसरी समानदर रेट पेश भएको खण्डमा छनौटको आधार उल्लेख नगरी कार्यालयले हिमश्री प्रिन्टर्ससगँ खरिद सम्झौता गरी भुक्तानी गरेकोले छनौटको आधार प्रष्ट हुने गरी मूल्यांकन गर्ने परिपाटिको विकास गर्नुपर्दछ ।

३० **पाइपको प्राविधिक मुल्यांकन पेश नभएको -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा वास्तविक भएको कामको प्राविधिक मुल्यांकनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । पालिकाले विभिन्न साइजका पाइप खरिद गरेवापत कस्मिक इलेक्ट्रिक एण्ड मेशिनरीलाई रु ९२५७५ भुक्तानी गरेको तर खरिद गरेको पाइपको प्रयोग सम्बन्धमा प्राविधिक मुल्यांकन संलग्न गरेको पाइएन । प्राविधिक मुल्यांकन वेगर भुक्तानी गर्दा कामको प्रभावकारीता नहुने साथै खरिद भएको मालसामानको जडानको प्रमाण पेश नहुँदा वास्तिवक कार्य भए नभएको सम्बन्धमा एकिन गर्न नसकिने हुँदा उक्त कार्यको प्राविधिक पुष्टाई सहितको प्रमाण पेश गर्नुपर्ने रु २,८३,२४५/-

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९२,५७५ |

३१ **निर्माण सामाग्रीमा उपभोक्ता समितिलाई बढी भुक्तानी -** गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७९ को नियम ३६ (५) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले देहायको भुक्तानी गर्दा जिल्ला दररेट भन्दा बढी मुल्य राखि सोही आधारमा मुल्याङ्कन गरी उपभोक्ता समितिलाई भुक्तानी गरेको तर खर्च पुष्टी गर्ने बिल बिजक हेर्दा घटी दरमा सामान खरिद गरेकोले बढी भुक्तानी भएको असुल गर्नुपर्ने रु. ७६,०००/-

| गो भौ नं. मिति | जिल्ला दररेट बमोजिमको | बिल बमोजिमको दर | खरिद परिमाण | फरक दर | रकम | १३ % मू अ कर | कैफियत |
|---|---|---|---|---|---|---|---|

| | दर प्रति लि. | | | | | | |
|---|---|---|---|---|---|---|---|
| योजनाको नाम | तीनधारे आपतकालीन खानेपानी उ.स. हिल टयाङ्क खरिद (१००००लि.) | | | | | | |
| ३८९<br>२०७९/१२/२६ | १२ | ८ | १ थान | ४ | ३५५०० | ४६१५ | हिल टयाङ्क |
| योजनाको नाम | पकरीथुम्का भवन रङ्गरोगन र शौचालय तथा खानेपानी इन्टेक/मिटर जडान उ.स. | | | | | | |
| १२२<br>२०८०/१/२१ | १२ | ८ | १ थान | ४ | ४०५०० | ५२६५ | हिल टयाङ्क |
| **जम्मा रकम** | | | | | **७६०००** | | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७६,००० |

३२ **खरिद योजना** - सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १७९२९६०८२। पुंजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली बनाएको छैन । बार्षिक खरिद योजना तयार गरेको छैन । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई थप व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

३३ **हेभी इक्युपमेन्टको प्रयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यतः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन ।

| **गो भौ नं मिति** | **मूल्यांकन रकम** | **भुक्तानी रकम** | **मेशिन प्रयोगको बिल रकम** | **मेशिन प्रयोग वापतको भुक्तानी** |
|---|---|---|---|---|
| योजनाको नाम | वडाभरिको बाटो मर्मत उ स | | | |

| | | | | |
|---|---|---|---|---|
| ४३।२०७९।१०।१७ | ६६६००९ | ५९८४१० | ६०११६० | महाकाल कन्स्ट्रक्सन एण्ड सप्लायर्स |
| योजनाको नाम | पेलेगा देखि वडारघाट हुदै पंखीडाँडा जोड्ने कृषि सडक उ स | | | |
| ११३।२०७९।१२।२९ | ५४४२६९ | ४८६१३९ | ४६७३६८ | लेकबेशी कन्स्ट्रक्सन एण्ड सप्लायर्स |
| योजनाको नाम | झ्यालबास सटकोण नाम्जाकाट पेलेगा दमार बाहुन चौतारी रमिते खण्ड सडकउ स | | | |
| ११६।२०७९।१२।३० | ५४३३६३ | ४८७२५९ | ४५९९१० | लेकबेशी कन्स्ट्रक्सन एण्ड सप्लायर्स |
| योजनाको नाम | विरुखर्क चौतारीदेखि केउराथाप हुदै राइकोट जोड्ने बाटो | | | |
| १३८।२०७९।०२।०४ | ११०७५५६ | ९९४००३ | ७०२८६० | महाकाल कन्स्ट्रक्सन एण्ड सप्लायर्स |
| योजनाको नाम | हुप्सेकोट चक्रपथ पोखरी राम्चे सडक उस | | | |
| १५०।२०८०।०२।१८ | ९९०००० | ९९०००० | ५२००२६ | दाजुभाइ कन्स्ट्रक्सन एण्ड सप्लायर्स |
| योजनाको नाम | गुहेरीपैराबास दमार डाँडा सडक मर्मत | | | |
| १८६।२०८०।०३।१० | ३३८६६१ | ३००००० | २८५८९० | लेकबेशी कन्स्ट्रक्सन एण्ड सप्लायर्स |
| **जम्मा** | | **३८५५८११** | **३०३७२१४** | |

३४ **निर्माण सामग्रीको दररेट सम्बन्धमा -**

३४.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक नियकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सोही नियमावलीको नियम ९७ को उपनियम ६ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ। सार्वजनिक निकायले नियम १२३ बमोजिम भुक्तानी दिँदा वास्तविक खर्च मूल्याङ्कन गरी भुक्तानी दिनुपर्नेमा पालिकाले देहायको भुक्तानी गर्दा समितिले पेश गरेको विल विजकमा सिमेन्टको मूल्य निम्मनानुसार तोकिएको जिल्ला दररेट भन्दा कम मूल्यमा खरिद गरेकोले सोही आधारमा मुल्याङ्कन गरी उपभोक्ता समितिलाई भुक्तानी गर्नुपर्नेमा बढी भुक्तानी भएकोले असुल गरी स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु

| **गो भौ नं मिति** | **योजनाको नाम** | **जिल्लादररेट बमोजिमको दर** | **बिलबमोजिमको दर** | **खरिदपरिमाण बोरा** | **फरक दर** | **रकम** | **१३ %मू अ कर** | **सिमेन्टको प्रकार** |
|---|---|---|---|---|---|---|---|---|
| ७२।२०७९।११।१९ | कोलिया डहर नं २ देखि | ७२५ | ५७५ | २०५ | १५० | ३०७५० | ३९९७.५ | ओपिसी |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ५पुग्ने सिंचाई कुलो मर्मत | | | | | | | |
| ११०।२०७९।१२।२४ | सिरटोल नाला व्यवस्थापन उ स | ७२५ | ४७७ | २६० | २४८ | ६४४८० | ८३८२.४ | ओपिसी |
| ११०।२०७९।१२।२४ | सिरटोल नाला व्यवस्थापन उ स | ६२० | ४१४ | ६५ | २०६ | १३३९० | १७४०.७ | पिपीसी |
| ११४।२०७९।१२।२९ | पश्चिमटोल बाटो सतरोन्नति | ७२५ | ५३० | ५५० | १९५ | १०७२५० | १३९४२.५ | ओपिसी |
| ११९।२०८०।१।१५ | मखकली चोक चोकदेखि धर्मचोक सम्म बाटो स्तरोनन्ति | ६२० | ४४५ | ३१८ | १७५ | ५५६५० | ७२३४.५ | पिपीसी |
| १२८।२०८०।०२।०१ | जनतामावि कम्पाउण्ड वाल निर्माण उ स | ६२० | ४२४ | १६७ | १९६ | ३२७३२ | ४२५५.२ | पिपीसी |
| १३५।२०८०।०२।०२ | गैराटोल देखि शान्ति प्रतिक्षालय सम्म बाटो स्तरोन्नति | ६२० | ४५० | ११६ | १७० | १९७२० | २५६३.६ | पिपीसी |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १६७।२०८०।०२।३० | हातेमालो कृषक समूह | ६२० | ४०३ | २६४ | २१७ | ५७२८८ | ७४४७.४ | पिपीसी |
| **जम्मा** | | | | | | **३८१२६०** | **४९५६३** | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,८१,२६० |

३४.२ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (६) मा उपभोक्ता समितिले गरेको कामको विल भरपाई सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था रहेको छ ।कार्यालयले विभिन्न काम उपभोक्ता समिति मार्फत गराएकोमा खर्चको विल परीक्षण गर्दा जिल्ला दररेट भन्दा ज्यादै न्यून मात्रामा विजक पेश गरेको देखियो ।सिमेन्टको काममा जिल्ला दररेटमा ओपिसी सिमेन्ट प्रति बोरा रु ७२५ र पिपीसी सिमेन्ट प्रति बोरा रु ६२० रहेकोमा विभिन्न उपभोक्ता समितिले जिल्ला दररेटले तोके भन्दा न्यून दररेटमा खरिद गरी बिल पेश गरे पनि कार्यालयले भुक्तानी दिएको छ ।यसरी कार्यालयले प्रतिवोरा वढी मुल्यांकन गरी भुक्तानी गरेकोले १३ प्रतिशतले हुन आउने मुल्य अभिवृद्धी कर सम्वन्धितवाट असुल गरी दाखिला गर्नुपर्ने रु–

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४९,५६३ |

३५ **कन्टिजेन्सी खर्चको अभिलेख -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० (७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा उपभोक्ताहरुबाट संचालन गरिने निर्माण सम्बन्धी कार्यमा ३ प्रतिशतका दरले कन्टिन्जेन्सी रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७९/८० मा कन्टीन्जेन्सी बापत रु २०३२२७५।- कट्टी गरी रु.७३४७५९।- खर्च गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३६ **प्राविधिक बिल र कार्य सम्पन्न -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख

गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नम्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

३७ **लागत सहभागिता -** पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

३८ **खरिद संख्या भन्दा बढीको भुक्तानी -** सार्वजनिक खरिद नियमावलीको नियम ९७ को उपनियम ६ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ। सार्वजनिक निकायले नियम १२३ बमोजिम भुक्तानी दिदा वास्तविक खर्च मूल्याङ्कन गरी भुक्तानी दिनुपर्नेमा देहायका उपभोक्ता समितिको प्राविधिक मूल्यांकन बमोजिम प्रयोग भएको ईट्टा संख्या (१ घन मिटरमा ५३० ईट्टा) र खरिद बिलबाट देखिएको ईट्टा संख्या भिडान गर्दा कम ईट्टा खरिद गरेको पाइएकोले उपभोक्ता पेश गरेको विल भरपाई एकिन गर्न नसकेको रु

| गो भौ नं मिति | योजनाकोनाम | हुनुपर्नेइट्टा संख्या | बिलबमोजिमको इट्टा संख्या | बढीइट्टा संख्या | प्रतिइट्टा दर भ्याट सहित | बढीभुक्तानी |
|---|---|---|---|---|---|---|
| ४६।२०७९।१०।२२ | कभर्ड हल निर्माण उ स | २७३० | २२०० | ५३० | १२.४३ | ६५८८ |
| ५२।२०७९।१०।२६ | मगरहोमस्टे शौचालय उ स | २२७० | १३०० | ९७० | १५.२५ | १४७९३ |
| १२२।२०८०।०१।२१ | पाकरीथुम्का भवन रङ्गरोगन र शौचालय था खानेपानी उ स | ३२८६ | ३००० | २८६ | ७.९१ | २२६२ |
| १२८।२०८०।०२।०१ | जनता मा विकम्पाउण्ड वाल निर्माण उ स | १३५६० | १२००० | १५६० | १३.५६ | २११५४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १५८।२०८०।०२।२५ | बालसेवा आ वि भवन निर्माण | ७७२७ | ७५०० | २२७ | १५.८२ | ३५९१ |
| १९४।२०८०।०३।१८ | लायनखोला बाल विकास शिक्षा उस | ११४९५ | १०००० | १४९५ | १३.५६ | २०२७२.०० |
| **जम्मा** | | | | | | **६८६६०.००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६८,६६० |

३९ **निर्माण कार्यको गुणस्तर -**

✂ .......... ***(प्रारम्भिक प्रतिवेदन*** बाट मिति **२०८०-१२-२७** मा सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको साथै छुट पेश्कीका साथ यस दफा कायम गरिएको)

४० **उपभोक्ताको काम -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ। साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ। पालिकाले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेसिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ। उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको हुनुपर्नेमा सो अनुसारको देखिएन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

४१ **उपभोक्ता समितिको कार्यमा लम्पसममा राखी भुक्तानी -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारको शर्त वमोजिम प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ। उपभोक्ता समितिबाट सञ्चालित भएका निम्न योजनाहरुमा विविध आइटमका खर्चहरु दर विश्लेषणका आधारमा गर्नुपर्ने कामको परिमाण एकिन गरी राख्नुपर्नेमा लम्पसममा राखी पर्याप्त नापी प्रमाण बेगर भुक्तानी दिएको देखियो ।यसरी नापी बेगर भुक्तानी दिंदा लम्पसममा राखेको आइटममा वास्तविक खर्च भए नभएको एकिन हुन नसक्नुका साथै खर्चमा

मितव्ययिता समेत कायम नहुने देखिन्छ ।उपभोक्ता समितिलाई लम्पसममा राखी भुक्तानी दिने कार्यलाई निरुत्साहित गर्नुपर्ने देखिन्छ ।अतः विस्तृत नापी सहित खर्च भएको प्रमाण पेश गर्नुपर्नेमा नगरेकोले उक्त खर्च अनियमित देखिएको रु.

| **गो भौ नं मिति** | **योजनाकोनाम** | **लम्पसमअन्तर्गतको खर्च शीर्षक** | **भुक्तानीरकम** |
|---|---|---|---|
| ६०।२०७९।११।०५ | मनकामना मन्दिर प्रवेशद्वार निर्माण | वाटरसप्लाइ र स्यानिटेशन कार्य | २२५०० |
| ४६।२०७९।१०।२२ | कभर्ड हलनिर्माण उ स | इलेक्ट्रिफिकेशनवर्क | २६००० |
| ५२।२०७९।१०।२६ | मगरहोमस्टे स्वागत भवन शौचालय उ स | वाटरसप्लाइ र स्यानिटेशन कार्य | २०००० |
| ६३।२०७९।११।१४ | बेलुवा झोलुङ्गेपुल जोड्ने बाटो तथा साइडवाल निर्माण | इलेक्ट्रिल ट्रान्समिसन लाइन र पोल ट्रान्स्फर | ५०००० |
| **जम्मा** | | | **११८५००** |

| | |
|---|---|
| अनियमित भएको | १,१८,५०० |

४२ **आन्तरिक लेखापरीक्षण -** गण्डकी प्रदेश आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७९ को नियम ७१ मा आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा आन्तरिक लेखापरीक्षण गराउनुपर्ने व्यवस्था रहेको छ । यस कार्यलयले २०७९।८० को आर्थिक कारोबारको वर्षको अन्त्यमा आन्तरिक लेखापरीक्षण गराएको छ । आन्तरिक लेखापरीक्षणवाट देखिएको वेरुजुलाई हालसम्म कार्यालयले फछ्र्यौट गरेको छैन । अतः उक्त रकम असुल फछ्र्यौट वा प्रमाण पेश गर्नुपर्ने रु

४२.१ कार्यालयले गो भौ नं २४९ मिति २०८०।३।२४ मा बालहित आधारभूत विद्यालय अधुरो भवन निर्माणमा अन्तिम भुक्तानि गर्दा आनुपातिक कट्टा गरि कुल रकम रु ८२१०४० भुक्तानि दिनुपर्नेमा रु ९१७१८५ भुक्तानी भएको हुदाँ बढि भुक्तानी भएको असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९६,१४५ |

४२.२ कार्यालयले गो भौ नं १८५ मिति २०८०/३/८ मा वडा नं.५ को वडा सम्पर्क केन्द्र व्यवस्थापनमा रु ३६८०६० खर्च गरेकोमा उक्त कार्यको डोर हाजिरमा सामाजिक सुरक्षा कर करकट्टी नगरिएकोले दाखिला गर्नुपर्ने सामाजिक सुरक्षा कर रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,६८० |

४२.३ कार्यालयले गो भौ नं १७५ मिति २०८०/३/६ मा चारघरे खानेपानी बिचटोल टंकी निर्माणको रकम भुकतानी गर्दा बिल रकम योजना सम्झौता मिती भन्दा अगाडीको मिति २०८०/२/९ र २०८०/१/२५ गतेको रहेको तर सम्झौता मितिः२०८०/२/२१ रहेकोले अनियमित देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | १,६६,१६८ |

४३ **माटो जाँच मेशिन**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा वास्तविक भएको कामको प्राविधिक मुल्यांकनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । कार्यालयले गो भौ नं. १५।२०८०।३।२३ बाट मुक्तिनाथ एक्ग्रीकल्चर प्रा.लि.सँग पालिकाले माटो जाँच मेशिन सामाग्री खरिद गरेको तर हाल सम्म जडान गरी संचालनमा नभएकोले जडान गरी सोको प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,८०,००० |

४४ **कर्मचारी तथा पदाधिकारीको खातामा भुक्तानीः**

अर्थ मन्त्रालयको नीतिगत मार्गदर्शनमा आन्तरीक नियन्त्रणलाइ प्रभावकारी वनाउनको लागि भुक्तानी दिदा एकाउन्ट पेयी चेक मार्फत सम्वन्धीत फर्म तथा संस्थालाइ भुक्तानी दिनुपर्ने व्यवस्था गरेकोमा कार्यालयले विभिन्न मर्मत कार्यको भुक्तानी तथा कार्यक्रम सन्चालन गर्नको लागि सम्वन्धीत फर्म तथा संस्थालाइ भुक्तानी नदिइ कार्यालयका कर्मचारी तथा पदाधिकारीलाइ भुक्तानी दिएको छ। सम्वन्धीतलाइ नै भुक्तानी हुने गरी लेखा व्यवस्थापन गर्नुपर्दछ। यसरी कर्मचारी तथा पदाधिकारीलाइ भुक्तानी दिएको अनियमित देखिएको रु

| गो भौ नं मिति | काम/योजना | भुक्तानीपाउने व्यक्ति | भुक्तानी रकम |
|---|---|---|---|
| ४।२०७९।०६।१४ | वडा नं १ स्लाब कल्भर्ट निर्माण | वडा सचिवसरिता अर्याल | ६७००० |
| ५।२०७९।०६।११ | आलोकचक्रपथ सडकमा ढुंगा गिट्टी बिछ्याएको | वडा सचिवसरिता अर्याल | ४५००० |
| ९।२०७९।०७।०४ | वडा नं ३ आधारभूत स्वास्थ्य केन्द्रमा खानेपानी जडान तथा सेफ्टीट्यांक निर्माण | अ हे व तेजनारायण लम्साल | १९२७९ |
| ६१२।२०८०।०३।२१ | वडा नं ४ अपाङ्गता जिविकोपार्जन कार्यक्रम, झोला लुगा वितरण | वडा सचिवअविनास भुसाल | ५०००० |
| १३४।२०८०।०२।०२ | गिरुवारीचौतारी मर्मत | वडाध्यक्षविष्णु राना | ७०००० |
| १४४।२०८०।०२।१० | वडा नं ३ सडक खाल्डाखुल्डी पुर्ने | वडा सचिव मनु सिग्देल | १००००० |

| | | | |
|---|---|---|---|
| २४८।२०८०।०३।२४ | वडा ४शौचालय तथा पार्किङ क्षेत्र मर्मत | सब इन्जिनियर विष्णु प्रसाद काफ्ले | ३५००० |
| **जम्मा** | | | **३८६२७९** |

| | |
|---|---|
| अनियमित भएको | ३,८६,२७९ |

४५ **भ्रमण खर्च -** भ्रमण खर्च नियमावली २०६४ अनुसार भ्रमणमा खटिने पदाधिकारी तथा कर्मचारीले तोकिएको क्षेत्रमा भ्रमण गरी भ्रमण प्रतिवेदन संलग्न गरे पश्चात भ्रमण खर्च पाउने व्यवस्था रहेको छ ।कार्यालयलेदेहायका कर्मचारीलाई कार्यालयको हाजिरी रजिष्टरमा हाजिरी गरेको दिनमा समेत भ्रमण आदेश स्वीकृत गरी भ्रमण खर्च वापतको रकम भुक्तानी दिएकोलेसम्बन्धितबाट असुल उपर गर्नुपर्ने रु

| क्र.सं. | गो.भौ.नं. | भ्रमण मिति | कर्मचारीको नाम | रकम रु |
|---|---|---|---|---|
| १ | ३६८ | २०७९/८/२१-२५ | बिष्णु प्रसाद काफ्ले | ५१०० |
| २ | ३६८ | २०७९/१०/२६-२९ | नवलेश कुमार रौनियार | ३९०० |
| ३ | ३३३ र १६० गा.पा. चालु. | २०७९/१०/१९-२४ | विनोद अर्याल | ८४०० |
| | | २०७९/४/२०-२५ | | ६८०० |
| | | २०७९/५/२४-३० | | ८००० |
| | | | जम्मा | ३२२०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३२,२०० |

४६ **सक्कल बिल नभएको -** गण्डकी प्रदेशआर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ बमोजिम खर्च गर्दा त्यस्तो खर्च गर्ने बिल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले कृषिजन्य औजारको Technical Specification तयार गरे वापतको रकम निशान तिमिल्सिना फर्म लाई भुक्तानि दिँदा सक्कल कर बिजक पेश नभएकोले सोको प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३२,००० |

४७ **वितरणमुखी कार्यक्रम -** स्थानीय तहले योजना छनौट गर्दा रोजगारी सृजना हुने, जनताको जीवनस्तर उठाउने, आय आर्जनसंग प्रत्यक्ष सम्बन्ध भएका र पूर्वाधार विकासका योजनाहरुको छनौटमा ध्यान दिनुपर्दछ । गाउँपालिकाले संघीय सरकारवाट सिमित श्रोत प्राप्त गर्ने र आफ्नो आन्तरिक स्रोत पनि सिमित रहेको अवस्थामा सिमित श्रोतको अधिकतम उपयोग हुने गरी उल्लेखित विषयहरुमा केन्द्रित भई

योजना कार्यान्वयन गर्नुपर्नेमा वितरणमुखी योजनाहरु संचालन गरेको देखियो । यस्ता वितरणमुखी योजनाहरुले राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनीय योगदान पुर्याउने देखिदैन । यस प्रकारको योजनाहरुमा खरिद गरी वितरण गरेका विभिन्न जिन्सी सामानहरु सम्बन्धित संस्थाको जिन्सीमा आम्दानी बाँधेको समेत देखिंदैन । यसरी संस्थाको जिन्सिमा आम्दानी नभएका सामानहरु संरक्षित हुन पनि सक्दैनन् । केही उदाहरणः

| क्र स | गौश्वारा **भौचर नं मिति** | विषय **विवरण** | सामाग्री | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | ६३४ २०८०/३/२३ | अकला महिला कृषक समूह सामाग्री खरिद वडा नं. ४ | ट्रिपल कुर्ची लागयत | २००००० | जे.एम. सप्लायर्स |
| २ | ५९४ २०८०/३/२० | ज्येष्ठ नागरिकहरुको लागि दिवा सेवा केन्द्र | ग्याँस चुल्हो लगायतका समाग्री | ९९७५५ | भैरव फर्निचर्स एण्ड फर्निसिङ्ग हाउस लगायत |
| ३ | २०५ २०७९/९/०३ | मिलिजुली आमा समूह सामग्री खरिद शंखदेव | टेन्ट कुर्ची टेवल लगायत | १००००० | जे.एम. सप्लायर्स |

४८ **अन्य निकायको इन्धन खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १८ मा बजेट निकासा सम्बन्धि व्यवस्था रहेको छ। सोही ऐनको दफा १८(४) मा एक मन्त्रालय वा निकाय मातहतको कार्यालय मार्फत कार्यक्रम संचालन गरी खर्च गर्न आवश्यक भएमा विनियोजन भएको निकायको सचिवले सम्बन्धितमन्त्रालय वा निकायको सचिवलाई खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था रहेको छ। उक्त व्यवस्थाको पालना बेगर यो वर्ष छुट्टै अस्तित्व र वजेट व्यवस्था भएका जिल्लास्थीत निम्नानुसार निकायलाई इन्धन खर्चमा भुक्तानी गरी अन्य कार्यालय/व्यक्तिको खर्च यस कार्यालयले व्यहोरेको छ। यस्तो खर्चको कारण कार्यालयको बजेट प्रणालीमा असर पर्ने देखिन्छ। यसरी खर्च गरीअनियमित देखिएको रु

| कार्यालयको नाम | डिजेल (लि.) | पेट्रोल (लि.) | औषत दर | दिएको लि. | जम्मा रकम |
|---|---|---|---|---|---|
| अ.प्र.चौ. हुप्सेकोट | ० | ३४० | १७९ | ३४० | ६०८६० |
| अ.प्र.चौ. शंखदेव | ० | १९० | १७९ | १९० | ३४०१० |
| अ.प्र.चौ. धौवादी | ० | ७० | १७९ | ७० | १२५३० |
| ई.प्र.का. रुद्रपुर | ० | ५० | १७९ | ५० | ८९५० |
| नापी कार्यालय कावासोती | २० | १० | १६७, १७९ | ३० | ५१३० |
| नवलपरासी बहिरा संघ | ३० | ० | १६७ | ३० | ५०१० |

| | | | | | |
|---|---|---|---|---|---|
| नापी कार्यालय कावासोती | २० | ० | १६७ | २० | ३३४० |
| राष्ट्रिय भुमि आयोग (जिल्ला कावासोती) | २० | ० | १६७ | २० | ३३४० |
| शसस्त्र प्रहरी बल चोरमारा | ० | १५ | १७९ | १५ | २६८५ |
| जम्मा रकम | | | | | १३५८५५ |

| | |
|---|---|
| अनियमित भएको | १,३५,८५५ |

४९ **अनुत्पादक खर्च -** सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा खर्च गरेको देखिन्छ । स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ। नमुना छनौटका आधारमा लेखापरीक्षण गर्दा यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा गाउँपालिका शीर्षकबाट रु. ६२७९७४ भुक्तानी दिएको पाईयो ।यस्तो कार्यलाई निरुत्साहित गरी उत्पादनशील कार्यक्रममा मात्र बजेट विनियोजन गर्नुपर्दछ । केही उदाहरण

| क्र. सं. | **गोभौ नं मिति** | **विवरण** | सामाग्री | सप्लायर्स | रकम |
|---|---|---|---|---|---|
| १ | ६४८२०८०/३/२४ | क्यालेन्डर छपाई | क्यालेन्डर छपाई | क्वालिटी प्रेस | २९०९७५ |
| २ | ६२७२०८०/३/२२ | सारु टोल महिला आमा समूह सामाग्री खरिद | कुर्ची लगायतका समाग्री | रञ्जना स्टोर्स लगायत | १५०००० |
| ३ | ६२७२०८०/३/२२ | भित्तेपात्रो प्रकाशन तथा सोमा यस कार्यालयको सूचना तथा सन्देश प्रकाशन | भित्तेपात्रो सूचना प्रकाशन | नेपाल निजामती कर्मचारी यूनियन | २०००० |
| ४ | ३१९२०७९/१०/२९ | जेष्ठ नागरिक सम्मान उ.स.लाई जेष्ठ नागरिक सम्मान कार्यक्रमको खर्च रकम भुक्तानी | स्वीटर ज्याकेट लगायतका समाग्री | गैह्रे फेन्सी कस्मेटीक एण्ड शु-सेन्टर | १६७००० |
| जम्मा रकम | | | | | ६२७९७४ |

५० **ग्याबिन जाली खरिद -** सार्वजनिक खरिद ऐनको नियम ५ क मा सार्वजनिक निकायको प्रमुखले कुनै मालसामान खरिद गरिद गर्नु अघि स्पेशिफिकेसन, योजना, डिजाईन, विशेष आवश्यकता वा अन्य विवरण तयार गर्नु वा गराउनुपर्ने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले भुक्तानी गर्नु पुर्व आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिमका भए वा नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने उल्लेख छ। कार्यालयले गो भौ नं २१०।२०८०।०३।२० बाट ग्याविन जाली 3*1*1 को ५० थान रु ४६५० का दरले र 2*1*1 को ५० थान रु ३२५० का दरले जम्मा १०० थान खरिद वापत मुल्य अभिवृद्धि कर समेत रु ४८३०७५।०० राधाकृष्ण ग्याबिन जाली उद्योग लाई भुक्तानी गरेको छ।यसरी खरिद गरेको तारजाली कार्यालयबाट वडाध्यक्षले बुझेको तर जडानको प्रमाण पेश नगरेबाट खरिद आवश्यकता पहिचान नगरी खरिद कार्य भएको देखिन्छ।यस बाट कार्यालयको खरिद व्यवस्थापन प्रभावकारी नभएको देखिन्छ।यसरी आवश्यकताको पहिचान नगरी मालसामान खरिद गर्दा एकातर्फ सार्वजनिक कोष माथि व्ययभार थपिन्छ भने अर्को तर्फ खरिद गरेर प्रयोग नगर्दा कामको प्रभावकारीता नहुने हुन्छ र कार्यालयको सेवा प्रवाह प्रभावित हुने हुन्छ। यसरी भुक्तानी भएको रकम वरावर को तारजालीको परमाण एकिन हुनेगरि खपत भएको परिमाण तथा मौज्दातको अवस्था एकिन हुने प्रमाण पेश गर्नुपर्ने रु...

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,८३,०७५ |

५१ **ह्युम पाइप जडान नभएको -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा वास्तविक भएको कामको प्राविधिक मुल्यांकनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । पालिकाले निम्न गो भौ नं बाट विभिन्न साइजका ह्युम पाइप खरिद गरी प्राविधिक मुल्यांकन वेगर नै भुक्तानी गरेको देखिन्छ । प्राविधिक मुल्यांकन वेगर भुक्तानी गर्दा कामको प्रभावकारीता नहुने साथै खरिद भएको मालसामानको जडानको प्रमाण पेश नहुँदा वास्तविक कार्य भए नभएको सम्बन्धमा एकिन गर्न नसकिने हुँदा उक्त पाइप जडान कार्यको प्राविधिक पुष्टाई सहितको प्रमाण पेश गर्नुपर्ने रु

| **गो भौ नं मिति** | **विवरण** | **भुक्तानी गरेको फर्मको नाम** | **भुक्तानी रकम** |
|---|---|---|---|
| २०४।२०८०।०३।२० | ह्युम पाइपखरिद | मनकामना ह्युम पाइप उद्योग | ९९३०१५ |
| २११।२०८०।०३।२० | ह्युम पाइपखरिद | राधाकृष्ण ह्युम पाइप उद्योग प्रा लि | ४७८२१६ |
| **जम्मा** | | | **१४७१२३१** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १४,७१,२३१ |

५२ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३२५३१५८७ | १६८६५८२३ | ५.१८ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ५.१८ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

५३ **गिरुवारी खोला तटबन्धन कार्यको छुट राजश्व आम्दानी -** गाउँपालिकाको च.नं. ११४४, मिति २०७९/१२/19 गतेको जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, नवलपरासी (ब.सु.पू.) लाई गाउँपालिकाले पठाइएको पत्रानुसार गिरुवारी खोला तटबन्धन कार्य अन्तर्गत विभिन्न ठेक्का मार्फत निर्माण कार्य सुरु भई सो निर्माण कार्यको लागि गिरुवारी खोलाकै नदिजन्य पदार्थ प्रयोग भएको भनि जनगुनासो आएको हुँदा उक्त कार्यको लागत अनुमान तयार गर्दा Embankment निर्माणमा प्रयोग हुने नदिजन्य पदार्थ र विभिन्न साइजका Gabion Box मा ढुङ्गा भर्ने कार्यको लागि प्रयोग हुने ढुङ्गाको लागत दर विश्लेषणमा प्रयोग भएको छ/छैन भन्ने सम्बन्धमा विवरण उपलब्ध गराइदिनु हुन भन्ने व्यहोरा खुलाएकोमा जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालयको च.नं. २४६ मिति २०७९/१२/३० को जवाफी पत्रानुसार डिभिजन कार्यालयबाट संचालित विभिन्न ठेक्काको निर्माण कार्यको लागि स्थानीय निर्माण सामाग्री प्रयोग हुने गरी स्वीकृत जिल्ला दररेट,स्पेशिफिकेसन,डिजाइन तथा विभागीय नर्म्सको विश्लेषण अनुसार लागत अनुमान तयार गरेको जानकारी गराएको छ ।ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बनधी मापदण्ड, २०७७ (पहिलो संशोधन २०७९) को बुदा नं. १२ बमोजिम ठूला, रुपान्तरणकारी, राष्ट्रिय गौरवका तथा प्राथमिकता प्राप्त आयोजनाहरुका लागि नदीजन्य पदार्थको अभाव हुन नदिन नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र विभिन्न साझेदारीबाट संचालित त्यस्ता आयोजनाहरुलाई आवश्यक पर्ने ढुङ्गा, गिट्टी, बालुवाको वातावरणीय अध्ययन प्रतिवेदनको पालना हुने गरी सम्बन्धित गाउँपालिका वा नगरपालिकाको नियमानुसारको शुल्क वा दस्तुर लिई आयोजना कार्यालयको सिफारिसमा तोकिएको स्थानमा निर्माण सामग्री संकलनको व्यवस्था मिलाउनु पर्नेछ। साथै पालिकाले स्थानीय स्तरमा नै उपयोग गर्ने निर्माण सामाग्रीको हकमा जलस्रोत तथा सिचाइ विकास डिभिजन कार्यालयको ठेक्का नं WRIDDO/GHRTWP-1/WORKS/NCB-02/2079-80 र WRIDDO/GHRTWP-२/WORKS/NCB-02/2079-80 बाट २ वटा प्याकेजमा प्याकेज १ बाट १२४७२.०५ घ मि र प्याकेज २ को ११३३०.४० घ मि गरी जम्मा २३८०२.४५ घ मि ढुङ्गा प्रयोग हुने लागत अनुमान स्वीकृत भएकोमा प्रदेश सरकारले तोकेको न्यूनतम दररेट अनुसार प्रति घ मि ३९८.७५ को दरले हुने रु ९४ लाख ९१ हजार २ सय २६ पालिकालाई घाटा परेको देखिन्छ । लेखापरीक्षण अवधि २०८०।९।१९ सम्म उक्त निर्माण कार्यको प्याकेज १ तर्फको हालसम्मको रनिङ बिल भुक्तानिको आधारमा ३७२२.७६ घ मि परिमाण सम्बन्धित निर्माण व्यसायीलाई भुक्तानी भएकोमा प्रदेश सरकारको न्युनतम दररेट अनुसार प्रति घ मि ३९८.७५को दरले हुने रु १४ लाख ८४ हजार ४ सय ५० पालिकाको खातामा सम्बन्धित डिभिजन कार्यालय मार्फत निर्माण व्यवसायीबाट असुल हुने गरी दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १४,८४,४५० |

५४ **स्थलगत अवलोकन** - मिति २०८०/९/४ गतेमा पालिका अध्यक्ष श्री लक्ष्मी देवी पाण्डे, उपाध्यक्ष श्री पुर्ण सिंह राना मगर, निर्देशक ठाकुर प्रसाद पण्डित, पालिका प्रमुख प्रशासकीय अधिकृत श्री टंकनाथ

घिमिरे, लेखा अधिकृत श्री राजेन्द्र प्रसाद रेग्मी, प्राविधिक ईन्जिनियर विनोद अर्याल, ईन्जिनियर सन्दिप भण्डारी लगायतका टोलीको उपस्थितिमा निम्न पुर्वाधार/संरचनाहरुको स्थलगत अवलोकन गर्दा देखिएका व्यहोरा निम्न छन ।

१.अष्टलक्ष्मी आमा समूह भवन निर्माण कार्यको स्थलगत अवलोकनको क्रममा उक्त भवनको छठ ढलान कार्यको लागि यस आ.ब. मा रु. ५००००० अनुदान दिएको देखिन्छ। यस पूर्व उक्त २ तले भवन पालिका लगायत विभिन्न संघको अनुदानबाट सम्पन्न भएको उक्त समूहका पदाधिकारीबाट जवाफ प्राप्त हुन आएको छ। यसरी विभिन्न संस्थाबाट एकै भवनमा अनुदान दिदा कार्य/आइटममा दोहोरोपन पर्न सक्ने देखिन्छ। उक्त समूहले समुदायका व्यक्तिहरु भेला भई विभिन्न सामाजिक क्रियाकलापहरु (बैठक, तालिम, योगाशन, आदि) लगायतका कार्य हुने गरेको उक्त समूहका पदाधिकारीहरुको जवाफ छ साथै यस्ता कार्यबाट सामाजिक, मानसिक स्वस्थ्य राम्रो हुने पदाधिकारीहरुको जवाफ छ। आमा समूहको भवन रहेको जग्गा सोलु प्रताप के.सी. ले १० धुर जग्गा दिएको भनेता पनि उक्त जग्गा पालिकाको नाममा देखिएन यसरी जग्गाको स्वामित्व प्राप्त नगरी अर्कै व्यक्तिको नाममा रहेको जग्गामा संरचना निर्माण गर्नु नियमानुसार नभएको हुँदा पालिकाले जवाफ दिनु पर्ने देखिन्छ। साथै जग्गाको स्वामित्व प्राप्त नभएको अवस्थामा संरचना निर्माणमा अनुदान दिने कार्य नियन्त्रण गर्नुपर्दछ ।
२. बालहित आ.वि.मा यस वर्ष अधुरो भवन कार्य वापत रु. ९१७१८५ अनुदान दिइएकोमा भवनको बाहिरी भागको प्लास्टर र रङ्गरोगन गरेको साथै झ्यालढोकामा लगायतका कार्यहरु गरेको देखिन्छ स्थलगत अवलोकन बाट छतको कोलमको डण्डी ढाकिएको देखिएन भने ढाँकिएको देखिएन।

५५ **राजस्व छुट -** प्रदेश सरकारले स्वीकृत आर्थिक ऐन अनुसार नदीजन्य पदार्थको उत्खनन तथा उपयोगमा स्वीकृत दररेट अनुसार राजस्व संकलन गर्ने व्यवस्था रहेको छ । पालिकाबाट संचालित विभिन्न योजनाहरुमा नदिजन्य पदार्थ उपयोग गरेकोमा सोको प्रदेश सरकारले तोकेको दररेटमा लाग्ने राजस्व संकलन गरेको देखिएन । यसबाट पालिकाले प्रति वर्ष करौडौ राजस्व गुमाउन परेको स्थिति रहेको छ । छिमेकी पालिकाहरु गैडाकोट र देवचुलीले आन्तरिक योजनामा प्रयोग हुने नदीजन्य पदार्थहरुको राजस्व संकलन गरी आम्दानी बाध्ने गरेकोमा पालिकाले उक्त असल अभ्यासलाई अबलम्वन गर्नुपर्ने देखिन्छ । केही उदाहरणः

| गो भौ नं. मिति | कार्य/योजना | सप्लायर्स | नदीजन्य पदार्थको परिमाण घन मि. | औषत दर प्रति घन मि. | रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| २२२, २०८०/३/२२ | चापागाई टोल देखि शिक्षा बोधनी हुँदै वन्टाकी टोल बाटो स्तरोन्नती | उत्सव सप्लायर्स देवचुली १७ | २७७ | ३९९ | ११०५२३ | राजस्व नतिरेको |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १८८, २०८०/३/११ | कुम्वी खर्क देखि दुर्लुङ्गा सम्म सडक स्तरोन्नती | दुवानीको भरपाई पेश भएको खरिदको बिल नभएको | २०३ | ३९९ | ८०९९७ | |
| ११४, २०७९/१२/२९ | पश्चिमटोल बाटो निर्माण उ.स. | देउराली बालुवा प्रशोधन तथा निर्माण सामाग्री उद्योग प्रा.लि. हुप्सेकोट ३ | १४४ | ३९९ | ५७४५६ | |
| १९४, २०८०/३/१८ | लाइनखोला बालविकास शिक्षा उ.स. | देउराली बालुवा प्रशोधन तथा निर्माण सामाग्री उद्योग प्रा.लि. हुप्सेकोट ३ | १४२ | ३९९ | ५६६५८ | |
| जम्मा | | | | | ३०५६३४ | |

*आगामी दिनमा यस प्रकारको छुट राजस्व संकलन गर्ने पालिकाले जवाफ दिएको छ ।*

५६ **नदिजन्य पदार्थ उत्खनन कार्य - पालिकाको आन्तरिक स्रोत व्यवस्थापनका सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेका छन ।**

५६.१ **केरुङ्गे खोला:** कावासोती नगरपालिकाले २०७९ पौषमा गरेको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन २०७९ मा केरुङ्ग खोला स्थित हात्तीखोर खण्ड-क हात्ती खोर खण्ड — ख, हात्तीखोर खण्ड — ग, हात्तीखोर खण्ड — घ, हात्तीखोर खण्ड - ङ, हात्तीखोर खण्ड — च गरि ६ खण्डमा १५२९४० मध्ये १२२३५२ घन मिटर नदीजन्य पदार्थ उत्खनन गर्न सकिने उल्लेख गरेको छ ।उक्त प्रतिवेदनमा उल्लेख भए अनुसार रु. ३००९८५९२ राजश्व आर्जन गर्न सकिने अनुमान गरेको देखिन्छ । हालसम्म दुई स्थानीय तहको सिमानामा पर्ने यी दुई खण्डबाट कावासोती नगरपालिकाले ठेक्का व्यवस्थापन गरेता पनि ठेक्का लागेको देखिएन । उक्त खोलाको IEE गरे वापत कावासोती न.पा.लाई पालिकाले रु ६८८००० भुक्तानी दिएको देखिन्छ। केरुङ्गे खोला कावासोती न.पा. र हुप्सेकोट गाउँपालिकाको सिमानामा रहेको खोलाबाट नदीजन्य पदार्थको विक्रि गरी आयआर्जन गरेको भने देखिएन। दुई पालिकाबाट बिक्रीको लागि नदीजन्य पदार्थ केही ठाउँमा संकलन गरी राखेको समेत स्थलगत अनुगमनको क्रममा देखिएको छ।उक्त सामग्री पालिकाको आन्तरिक योजनामा प्रयोग भएको पालिकाले जनाएको छ ।तर यसबाट राजस्व भने आर्जन भएको दखिएन । चोरी पैठारी नियन्त्रणका लागि दुवै पालिकाले नगर प्रहरीको

व्यवस्थापन, मुख्य-मुख्य नाकामा अवरोध संयन्त्र निर्माण तथा सि.सि. क्यामेरा जडान गरी प्रशासकीय अधिकृत र अध्यक्षको कार्यकक्षबाट समेत निगरानी गर्नु पर्ने देखिन्छ।

साथै उक्त क्षेत्रमा अमानतबाट राजश्व संकलन गरेको देखिएन भने नदिको सतह बढ्दै गएकोले उत्खनन कार्य रोकिएको र नदि तटीय क्षेत्रका जमिन कटान भएको स्थलगत अवलोकनबाट देखियो ।



***स्थलगत लेखापरीक्षणको समयमा देखिएको डम्पिङ सामाग्री***

*पालिकाको जवाफः प्रदेश सरकारले नदिजन्य पदार्थको उत्खनन् कार्यमा तोकेको दररेट महङ्गो भएकोले गाउँपालिका र नगरपालिकाले ठेक्का व्यवस्थापन कार्य गर्न सकेको छैन ।*

५६.२ **गिरुवारी खोला -** गाउँपालिकाले प्रारम्भिक वातावरणीय प्रभाव परिक्षण प्रतिवेदनमा ५ खण्डमा गरि जम्मा ३१०९१४.३५ घन मिटर नदीजन्य पदार्थ उत्खनन् गर्ने भनिएकोमा ३ पटक (अन्तिम पटक प्रकाशित मिति २०७९/१२/२२ ) बोलपत्रको लागि सूचना प्रकाशन गरिएको छ ।उक्त अवधिमा कुनै पनि बोलपत्रदाताको बोलपत्र पेश हुन नआएको देखिएको छ । उक्त नदीको विभिन्न खण्डहरुमा अमानतबाट कार्य गरी २६१४.४४ घन मिटर नदीजन्य पदार्थको राजस्व रकम रु १०४२२७४ दाखिला भएको देखिन्छ। पत्थर खोला तर्फको प्रारम्भिक वातावरणीय प्रभाव परिक्षणमा प्रतिवेदन अनुसार उत्खनन् गर्न मिल्ने ४३९६८.८ घन मिटर रहेकोमा यस खण्डमा बोलपत्र आह्वान गरिएको देखिएन र गाउँपालिकाले अमानतबाट कार्य गरी १२७७७.७० घन मिटर नदीजन्य पदार्थको राजस्व रु. ५०९३९५८ रकम दाखिला भएको देखिन्छ।

उक्त नदीका विभिन्न दुई खण्डबाट के कति परिमाणमा नदीजन्य पदार्थ उत्खनन् भएको हो भन्ने प्राविधिक प्रतिवेदन देखिएन। नदीजन्य पदार्थको उत्खनन् परिमाण र राजश्व आयाम बीच तादम्यता कायम गर्नुपर्दछ ।

५६.३ पालिकाले दुई नदी पत्थर खोला र गिरुवारी खोला बाट मु.अ. कर बाहेक ५५५३००१ को १३ प्रतिशतले हुने रु ७२१८९० वेदर्तावालको नामबाट राजस्व शिर्षक नं ३३३१७ मा दाखिला गर्नु पर्नेमा रु ५९९२२८.१३ मात्र दाखिला भएकोले बाँकी रकम दाखिला गर्नु पर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२२,६६२ |

५६.४ पालिकाद्धारा संचालित विभिन्न योजनाहरुमा कार्य गराइएको नदीजन्य पर्दाथहरुको आपूर्ति गर्दा स्थानीय नदी खोलाबाट त्यस्तो पदार्थ आपूर्ति गरेको भएतापनि कतिपय योजनाहरुको विल भरपाई परिक्षण गर्दा छिमेकी पालिकाहरुबाट निर्माण व्यवसायी मार्फत आपूर्ति गरेको देखिन्छ । यसबाट स्थानीय खोला नदीबाट उत्खनन गरेको नदेखिदा राजस्व गुमेको अवस्था छ ।पालिकाले अनुगमन समितिमार्फत नदीजन्य पर्दाथको उत्खनन र उपयोगको सम्बन्धमा ध्यान दिइ राजस्व असुल गर्नुपर्ने देखिन्छ ।

५७ **आयको अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ७,९९,१५,०००/- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।२०८० मा रु. १६८६५८२३/- अनुमान गरेकोमा अनुमानको २१.१० प्रतिशतमा आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

५८ **औषधी खरिद** - पालिकाले आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिदको लागि कोटेशन आव्हान गरेकोमा परेका ३ मध्ये सबैभन्दा घटी रु ११२३३०० कबोल गर्ने रुप्सा मेडिसेल्स प्रालिसँग खरिद सम्झौता भई विभिन्न ३९ थरीका औषधि खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः

- खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो नखुलेको ।
- आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको ।
- आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।
- औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको ।
- औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।

तसर्थ औषधिको खरिद, आपूर्ति दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

५९ **नपुग बहाल कर** - आयकर ऐन, २०५८ को दफा ८८ मा भाडा भुक्तानीमा १० प्रतिशतका दरले बहाल कर कट्टी गर्नुपर्ने व्यवस्था छ ।पालिकाले उपभोक्ता समितिबाट सञ्चालित निम्न योजनामा ढुवानी भाडा भुक्तानी गरेकोमा बहाल कर कट्टी नगरी भुक्तानी गरेको पाइएकोले नपुग बहाल कर सम्बन्धित उपभोक्ता समितिबाट असूल गरी सञ्चित कोष दाखिला गर्नुपर्ने रु

| गो भौ नं मिति | योजनाको नाम | कट्टी गरेको बहाल कर | कट्टी गर्नुपर्ने बहाल कर | नपुग बहाल कर |
|---|---|---|---|---|
| ५।२०७९।०६।११ | आलोक चक्रपथ झ्यालबास डण्डा सडक | १२०० | ४८०० | ३६०० |

| | | | | |
|---|---|---|---|---|
| ३५।२०७९।०९।२९ | ज्ञानबहादुर शेरपूजाको घरनिर कल्भर्ट निर्माण | ० | २००० | २००० |
| ३६।२०७९।१०।१२ | लायन खोला चिदिया कुलो निर्माण उ स | ६२५ | २५०० | १८७५ |
| जम्मा | | १८२५ | ९३०० | ७४७५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,४७५ |

६० **वितरणको भरपाई पेश नभएको —**

✂ ........... *(प्रारम्भिक प्रतिवेदन उपर सामान वितरण गरेको भरपाइ पेश भएको आधारमा मिति २०८०।१२।१८ को निर्णयबाट रु. ९७,५८१ सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६१ **शिक्षक तलब भत्ता -** हुप्सेकोट गाउँपालिकाको च नं २९५ मिति २०८०।०३।१० को पत्रानुसार विद्यालयले विद्यालय कोषको रकम खर्च गर्दा प्रचलित नियम कानुनको परिधिभित्र रही खर्च गर्नुपर्ने प्रावधान रहेकोमा निम्न शिक्षकहरुले खाइपाई आएको अतिरिक्त भत्ता आन्तरिक आय सुदृढ नगरी विद्यार्थीमा थप आर्थिक भार पार्ने गरी रकम संकलन गरी शिक्षकलाई थप भत्ता भुक्तानी गरेको देखिन्छ साथै पालिकाको शिक्षा शाखाबाट समेत सो सम्बन्धमा विद्यालयलाई पत्रचार भएको देखिन आएकोले विद्यार्थीमा थप व्यभार पर्ने गरी गैरकानुनी रुपमा सुविधा लिई अनियमित देखिएको रु

| क्र सं | विद्यालयको नाम | शिक्षकको नाम | तलब स्केल | अतिरिक्त भत्ता |
|---|---|---|---|---|
| १ | सूर्यज्योती माध्यमिक विद्यालय | निमु गिरी | प्रा वि द्बितीय | १२०००० |
| २ | जनता माध्यमिक विद्यालय बेलवा | चोक बहादुर पाइजा | मावि तृतीय | १३२००० |
| ३ | नेपाल शान्ति माध्यमिक विद्यालय | तिलक राम पाण्डे | प्रावि द्बितीय | ६६००० |
| | जम्मा रकम | | | ३१८००० |

| | |
|---|---|
| अनियमित भएको | ३,१८,००० |

६२ **विद्यालय अनुदान -** कार्यालयले भौचर नं. ५५५ मिति २०८०/३/७ गते नेपाल राष्ट्रिय किसान आ.वि. लाई व्यवस्थापन अनुदान बापतको रु ३५०००० भुक्तानी दिएकोमा मिति २०८०/१/५ गते गरेको सम्झौताको बुदा नं. ३ मा पहिलो पक्षले मुल्याँकनको आधार र मापदण्डहरु निर्माण गरी सूचकमा आधारित भएर दोस्रो पक्षको कामको मुल्यांकन गर्ने पर्ने व्यवस्था रहेको तथा बुदाँ नं. ४ मा पहिलो पक्षले दोस्रो पक्षले सम्पादन गरेका कार्यहरु निजको कार्यसम्पादनस्तर र विद्यालयको समग्र शैक्षिक वातावरणको शिक्षा युवा तथा खेलकुद शाखामा प्रतिवेदन पेश गर्नु पर्ने प्रावधान रहेकोले सो अनुसार प्रतिवेदन पेश गरेको नदेखिएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,५०,००० |

६३ **बिलबुक पेश नभएको —**

✂ .......... ***(प्रारम्भिक प्रतिवेदन उपर बिलबुक प्रास गरी प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-१८ को निर्णयबाट ८२८,००० सम्परीक्षण गरिएको)***

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६४ **प्राविधिक मुल्यांकन/कार्य सम्पन्न प्रतिवेदन पेश नभएको -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा वास्तविक भएको कामको प्राविधिक मुल्यांकनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । पालिकाले देहायका काममा पाइप खरिद गरी विभिन्न वडामा वितरण गरेको तर प्राविधिक मुल्यांकन वेगर नै भुक्तानी गरेको देखिन्छ । प्राविधिक मुल्यांकन वेगर भुक्तानी गर्दा कामको प्रभावकारीता नहुने साथै खरिद भएको मालसामानको जडानको प्रमाण पेश नहुँदा वास्तविक कार्य भए नभएको सम्बन्धमा एकिन गर्न नसकिने हुँदा उक्त कार्यको प्राविधिक पुष्टाई सहितको प्रमाण पेश गर्नुपर्ने रु

| गो भौ नं. मिति | विद्यालयको नाम | अनुदान दिएको रकम |
|---|---|---|
| २७,२०८०/१/७ | हुप्सेकोट मा.वि. विरुखर्क ४ कोठे भवन) | ४५००००० |
| २७,२०८०/१/७ | बालसेवा आ.वि. २ कोठे भवन | २२५०००० |
| | जम्मा रकम | ६७५०००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६७,५०,००० |

६५ **गाउँकार्यपालिकाले विभिन्न मितिमा गरेका निर्णयहरु -** कार्यपालिकाले विभिन्न मितिमा गरेका निर्णय मध्ये निम्न निर्णय कार्यान्वयन भएको देखिएन । निर्णय कार्यान्वयन हुन नसक्नुको सम्बन्धमा पालिकाले स्पष्ट गर्नुपर्दछ । केही उदाहरण

| सभा/कार्यपालिका मिति | निर्णयको व्यहोरा | विनियोजित बजेट | कार्यान्वयनको अवस्था |
|---|---|---|---|
| ११/०३/२०७९ | बसपार्क निर्माणको लागि जग्गा प्रासीको आवश्यक प्रक्रिया अगाडी बढाउने | | जग्गा प्राप्ती नभएको |

| | | | |
|---|---|---|---|
| ११/०३/२०७९ | १५ शैय्याको अस्पताल निर्माण प्रक्रिया अगाडी बढाउने | | जग्गा प्राप्ती नभएको (वन क्षेत्रमा पर्ने)<br>(मन्त्रीपरिषद्को निर्णय नभएको) |
| १२/०१/२०७९ | क्रिकेट खेल मैदान तथा प्रत्येक वडामा भुगोल अनुकुल खेल मैदान निर्माण | | स्रोत अभाव भएको |
| ०१/२१/२०८० | ल्याण्डफिल्ड साइट स्थल एकिन गरी फोहोर व्यवस्थापन गर्ने | | हालसम्म साइट एकिन नभएको |
| ०३/१०/२०७९ | क्रसर स्थापना | १ करोड | कार्यान्वयन नभएको |
| ०३/१०/२०७९ | सुर्यज्योति मा.वि. देखि कावासोती जोड्ने कृषि सडक | २० लाख | सम्पन्न |
| ०४/१३/२०७९ | भु-उपयोग नीति तयार गरी जग्गा वर्गीकरण | | जग्गा वर्गीकरणको कार्य वडा नं.१ बाट सुरु भएको |
| ०५/०२/२०७९ | भूमिहीन तथा अव्यवस्थित बसोबासीहरुको आवाद्कमोद गरेको जग्गा नापजाँचको लागि फिल्ड सहायकको व्यवस्था गर्ने | | कार्यान्वयन नभएको |
| ०५/२४/२०७९ | मागमा आधारित पशु विकास कार्यक्रम बाख्रा स्रोत विकास कार्यक्रम | ३ लाख | प्राविधिक शिक्षालयमा पशु चौपाय खरिद तथा खोर निर्माण भएको |
| ०८/०९/२०७९ | राम्चे पहिरो रोकथाम तथा व्यवस्थापन (फलाम खानीको समन्वयमा) | | कार्यान्वयन हुन नसकेको (उच्च लागत लाग्ने भएकोले गा.पा.को स्रोत अपुग भएको) |

६६ **पदाधिकारी इन्धन -** गण्डकी प्रदेश राजपत्र (२०७७/३/२६) अनुसार अनुसुचीमा न.पा. पदाधिकारी तथा सदस्यले पाउने सुविधामा नपा प्रमुख तथा उपप्रमुखले वार्षिक १०८० लि. डिजेल मात्र नियम अनुसार पाउने उल्लेख भएकोमा पालिकाको श्रेस्ता परिक्षण गर्दा निम्न पदाधिकारीहरुको इन्धन सुविधा वापत मापदण्ड भन्दा बढी खपत भएकोले यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| क्र.सं. | नाम | पद | गाडी नं. | बुझेको इन्धन (लि.) | नर्म्स अनुसार पाउने इन्धन (लि.) | फरक इन्धन (लि.) | औसत दर प्रति लि | रकम |
|---|---|---|---|---|---|---|---|---|
| १ | लक्ष्मी देवी पाण्डे | अध्यक्ष | | ४१७० | १०८० | ३०९० | १३१ | ४०४७९० |
| २ | पुर्ण सिं राना मगर | उपाध्यक्ष | | २७१९ | १०८० | १६३९ | १३१ | २१८६३९ |
| **जम्मा** | | | | **६८८९** | **२१६०** | **४७२९** | | **६२३४२९** |

| | |
|---|---|
| अनियमित भएको | ६,२३,४२९ |

६७ **विपद व्यवस्थापन कोष -** विपद् व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि, २०७५ मा स्थानीय स्तरमा उत्पन्न भएको वा हुनसक्ने विपद्को जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धी कार्य गाउँ/नगर स्तरबाटै सञ्चालन गर्नका लागि आवश्यक स्रोत संकलन र परिचालन गर्न गाउँपालिका/नगरपालिकामा एक विपद् व्यवस्थापन कोष रहने व्यवस्था रहेको छ। पालिकाले प्राकृतिक प्रकोप ,महामारी जस्ता आपतकालीन अवस्थामा खर्च गर्ने प्रयोजनको लागि यस्तो कोषमा रहेको रकम सुरक्षित राख्नुपर्दछ ।वार्षिक योजना तथा कार्यक्रममा बजेट विनियोजन गरी पालिकाले खर्च गर्न सकिने निम्न कृयाकलापमा समेत यस कोषबाट खर्च गरेकोले नियमसंगत नदेखिएको रु १३,९६,३०४/-

| गो भौ नं. मिति | विषय विवरण | रकम |
|---|---|---|
| ३, २०७९/६/१३ | वडा नं.५ कुहि खोला लघुविद्युत योजना कुलो सहित मर्मत खर्च | ८१५०२ |
| ६, २०७९/९/२७ | त्रिमुर्ति इनर्जी एण्ड कन्स्ट्रक्सनलाई हर्देमा रहेको पेल्ट्रिक सेट मर्मत तथा जडान खर्च | १७६७३९ |
| १०, २०८०/२/२ | सुर्यज्योति मा.वि. घोल व्यवस्थापन उ.स.लाई कार्य सम्पन्न प्रतिवेदनका आधारमा योजना खर्च | ३९८७२६ |
| ११, २०८०/२/१० | डोलराज पाण्डेलाई घर मर्मत गर्नका लागि आर्थिक सहयोग बापतको रकम | २०००० |
| १३, २०८०/२/१२ | सटकुन सिंचाई कुलो मर्मत उ.स.लाई कार्य सम्पन्न प्रतिवेदनका आधारमा योजना खर्च | ४२०५४६ |
| १४, २०८०/२/३० | पदम बहादुर रेश्मी मगरलाई आर्थिक सहयोग बापतको रकम भुक्तानी | १५००० |
| १५, २०८०/२/३१ | झण्ड बहादुर सारुलाई राहत बापतको आर्थिक सहयोग रकम | १५००० |
| १६, २०८०/३/१२ | बालकृष्ण तिवारीको घरछेउ देखि पूर्ण भद्र पाध्याको घर छेउसम्मको कुलो निर्माण उ.स.लाई कार्यसम्पन्न प्रतिवेदनका आधारमा योजना खर्च रकम | १५०००० |

| | | |
|---|---|---|
| १७, २०८०/३/२४ | वडा सचिव अविनाश भुसाललाई झरना खोला सिँचाईको लागि ह्युप पाईप खरिद वापत कार्यपालिकाको निर्णय बमोजिम रकम भुक्तानी | २३३०६ |
| १८, २०८०/३/२४ | राधाकृष्ण ग्याविन जाली उद्योग प्रा.लि. लाई ग्याविन जाली उपलब्ध गराए बापतको रकम भुक्तानी | ९५४८५ |
| **जम्मा** | | १३९६३०४ |

| | |
|---|---|
| अनियमित भएको | १३,९६,३०४ |

६८ **दोहोरो भुक्तानी** - गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७९ को नियम ३६ (५) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ ।कार्यालयले भौचर नं. ५७९ मिति २०८०/३/१८ गते महिला स्वास्थ्य स्वयंमसेविका तथा स्वास्थ्यकर्मीहरु इलाम जिल्ला लगायत विभिन्न स्थानमा भ्रमण गर्दा रु २३७५६९ खर्च भुक्तानी गरेको छ भने गाडी भाडाको लागि श्री रविलाल अधिकारी (ना ८ ख २८०७) लाई रु १३८००० भुक्तानी दिएकोमा पुनः डिजेल खर्च वापत रकम समेत भुक्तानी गरेकोले दोहोरो भुक्तानी भएको रकम सम्बन्धितबाट असुल उपर गर्नु पर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,५०० |

६९ **मृगौला, डायलासिस रोगी , क्यान्सर बिरामीलाई औषधी उपचार खर्च** - नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा जारी मृगौला प्रत्यारोपण गरेका, डायलासिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधी उपचार वापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ बमोजिम गरिबीको परिचय पत्र वितरण गरेको जिल्लाको हकमा सो परिचय पत्र वाला तथा गरिबीको परिचय पत्र वितरण गरी नसकेको जिल्लाको हकमा बिपन्न व्यक्ति वा स्थानीय तहबाट सिफारिस समिति गठन गरी पहिचान भएका बिपन्नलाई कार्यविधिमा उल्लिखित रोगका लागि औषधीउपचार खर्च वापत नेपाल सरकारले तोकेको मासिक ५००० का दरले त्रैमासिक रुपमा महिनाको अन्तिम दिन स्थानीय तहले लाभग्राहीको खातामा जम्मा गर्नुपर्ने व्यवस्था छ । यस जिल्लामा गरिबीको परिचयपत्र वितरण नगरेको अवस्थामा स्थानीय तहबाट सिफारिस समिति गठन गरी खर्च उपलब्ध गराउनुपर्नेमा वडाको सिफारिसमा विभिन्न व्यक्तिलाई रु १८७०००० वितरण गरेको छ ।संघीय सरकारबाट तोकिएको कार्यक्रमका लागि बजेट खर्च गर्दा कार्यविधिमा उल्लिखित व्यवस्थाको पालना गर्दै वास्तविक विपन्नले सुविधा प्राप्त गरे नगरेको साथै खर्चको सदुपयोग भए नभएको सम्बन्धमा पालिकाले अनुगमन गर्नुपर्दछ ।

७० **तालिम गोष्ठी तथा क्षमता अभिकृद्धि कार्यक्रम** - पालिकामाविभिन्न तालिम, गोष्ठी, अभिमुखीकरण तथा क्षमता अभिकृद्धि कार्यक्रम सञ्चालन गर्न आर्थिक मामिला तथा योजना मन्त्रालय गण्डकी प्रदेशले खर्चको मापदण्ड जारी गरेको छ । मापदण्डमा प्रशिक्षकलाई पारिश्रमिक भुक्तानी गर्दा कार्यपत्र संलग्न गरेर भुक्तानी गर्नुपर्ने व्यवस्था उल्लेख छ । तालिम, गोष्ठी, अभिमुखीकरण सञ्चालन गर्दा तालिमको उद्देश्य तथा प्रकृति बमोजिम सहभागीको नामावली संकलन, विषयवस्तुको छनौट, विषयवस्तुका जानकार र विज्ञको व्यवस्थापन, तालिम सामग्री तथा तालिम हलको व्यवस्थापनका सम्बन्धमा पर्याप्त गृहकार्य गर्नु पर्ने हुन्छ । पालिकाले विभिन्न तालिम, गोष्ठी, अभिमुखीकरण तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरेकोमा अधिकांश कार्यक्रममा आवश्यकता तथा क्षमता भन्दा बढी सहभागी समावेश गरेको, कार्यक्रमको तालिका तथा विषयसूची नबनाएको, तालिमको विषयवस्तु अनुसारको विज्ञ छनौट नगरेको, कार्यपत्र तयारी

नगरेकोसाथै प्रशिक्षकलाई कार्यपत्र बेगर नै प्रशिक्षण भत्ता भुक्तानी गरेको देखियो । त्यसै गरी नम्सको प्रयोग र पालनामा समेत एकरुपता देखिएन । पालिकाले तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्दा तोकिएको मापदण्डलाई कडाइका साथ प्रयोग गर्नुपर्ने देखिन्छ ।त्यसै गरी तालिम सञ्चालन पश्चात तालिमको उपलब्धी तथा सो वाट सिर्जित रोजगारी तथा राजश्व आम्दानी सम्बन्धमा हालसम्म कुनै प्रतिवेदन तयारी गरेको देखिदैन। हरेक वर्ष तालिम तथा कार्यक्रममा खर्च हुँदै आएकोमा सोको समिक्षा गरी उत्पादन तथा रोजगारी वृद्धि गर्ने प्रकृतिका तालिम तथा कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने देखिन्छ। केहि उदाहरण

| गो भौ नं मिति | तालिमको विवरण |
|---|---|
| २२८।०८०।०३।२४ | विद्यालय स्वास्थ्य तथा पोषण तालिम |
| १६६।०८०।०३।०५ | सुनौलो सय दिनका महिलालाई वाखा पालन तथा खोर निर्माण सम्बन्धि व्यवसायिक तालिम |
| १२३।०८०।०१।०८ | वडा नं २ मा व्युटि पार्लर तथा वुटिक सम्बन्धी सीप विकास तालिम |

७१ **न्यानो झोला खरिद —**

***........... (प्रारम्भिक प्रतिवेदन उपर न्यानो झोला वितरण गरेको भरपाइ पेश भएको आधारमा मिति २०८०-१२-१८ को निर्णयबाट रु ४७,४३४ सम्परीक्षण गरिएको)***

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

७२ **जीविकोपार्जन सुधार -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १६(४) ख(५) मा उपाध्यक्ष वा उप-प्रमुखको काम, कर्तव्य वा अधिकार अन्तर्गत योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण गरी सो को प्रतिवेदन बैठकमा पेश गर्ने उल्लेख छ। कार्यालयले गो भौ नं २००।०८०।०३।२२ मा मानव विकास सूचकाङकमा पछाडि परेका स्थानीय तहको जीविकोपार्जनमा सुधार कार्यक्रम अन्तर्गत लेकवेसी सामाजिक उद्यमी महिला सहकारी संस्थाका २५ जना सदस्यलाई प्रति व्यक्ति रु २६००० को दरले वाखा खरिदको लागि रु ६५०००० भुक्तानी भएकोले उक्त कार्यले व्यक्तिको जीवनस्तरमा के कस्तो प्रभाव परेको छ सो सम्बन्धमा नियमित अनुगमन गरी सोको प्रतिवेदन पेश गर्नुपर्दछ ।

७३ **विद्यार्थी सङख्या भन्दा बढी भरपाई तयार गरी पेश -** विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयन निर्देशिका २०७८।७९ को क्रियाकलाप नं ७.२.१.१ मा सामुदायिक विद्यालयका विद्यार्थीलाई पाठयपुस्तक उपलव्ध गराउँदा ।EMIS मा प्रविष्ट तथ्यांकलाई सम्वन्धित विद्यालयवाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्यांकसंग सत्यापन गराई प्रति विद्यार्थीका दरले पाठयपुस्तक उपलव्ध गराउने व्यवस्था रहेको छ ।पालिकाले सरस्वती संस्कृत माविमा इमिसको तथ्याङकमा देखिएको विद्यार्थी सङख्या एकीन गरि सोही

अनुसार पाठयपुस्तकको रकम निकासा गरेकोमा विद्यालयबाट विद्यार्थी सङ्ख्या भन्दा बढी २२ जनाको भरपाइ पेश गरी थप नपुग रकम माग गरेकोले यस्ता कार्यमा सुधार गर्नुपर्दछ

७४ **कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान -** विद्यालय क्षेत्र सुधार कार्यक्रमकार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं २.७.१३.१३ मा विद्यालय व्यवस्थापन अनुदान निर्देशिका २०७४ बमोजिम विद्यालयबाट प्राप्त प्रस्तावको आधारमा विद्यालयको कार्यसम्पादन स्तरको मुल्यांकन गरी प्रति विद्यालय रु ५० हजारका दरले अनुदान उपलब्ध गराउने तथा उत्कृष्ट विद्यालय अनुदान रु २ लाख दिने व्यवस्था रहेको र उक्त रकम विद्यालयले शैक्षिक गुणस्तरका क्षेत्र एकिन गरी उक्त रकम खर्च गर्नुपर्ने व्यवस्था रहेको छ ।कार्यालयले गो भौ नं १८५।०८०।०३।२० मा देहायका विद्यालयलयलाई उक्त अनुदान निकासा गरेकोमा विद्यालयबाट खर्चको पुष्टाइ हुने गरी कुनै पनि विल भरपाइ र प्रमाण पेश नभएको हुँदा रकम सदुपयोग भए नभएको एकिन हुन नसकेकोले खर्चको पुष्टाई हुने गरी प्रमाण पेश गर्नुपर्ने रु ४,५०,०००/-

| विद्यालयको नाम | रकम |
|---|---|
| शिक्षा वोधनी मावि | २००००० |
| ज्वाला मावि | ५०००० |
| वालसेवा आवि कुरुन्टार | ५०००० |
| जनता मावि | ५०००० |
| हुप्सेकोट मावि विरुखर्क | ५०००० |
| त्रिभुवन आवि | ५०००० |
| जम्मा | ४५०००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,५०,००० |

७५ **तालिम संचालन खर्च -** गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७९ को नियम ३६ (५) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेखु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ ।कार्यालयले गो भौ नं २३।०८०।०१।०८ मा गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत वडा नं २ हुप्सेकोटमा १ महिने व्युटि पार्लर तथा वुटिक सम्बन्धी सीप विकास तालिम संचालन भएकोमा प्रशिक्षकसगँ सम्झौता गरेको पाइएन । लामो समयको तालिम संचालन गर्दा सम्झौताको शर्त सहितको सम्झौता पत्र तयार गरि तालिम संचालन गर्ने परिपाटिको विकास गर्नुपर्दछ ।

७६ **स्यानीटरी प्याड -** विद्यायलय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं २.७.१३.१३ बमोजिम कार्यालयले सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानीटरी प्याड खरिद तथा वितरण कार्यक्रमको लागि रु २८५००० रकम खर्च लेखेको देखिन्छ । सोही बमोजिम

कार्यालयलबाट खरिद गरिएका १०००० थान स्यानिटरी प्याड मध्ये ६४८ प्याकेट वितरण नभई पालिकाको भण्डारमा रहेकोले समयमानै वितरण गरी सो को प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १६,३४२ |

७७ **शिक्षण सिकाइ अनुदान -** विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयन निर्देशिका २०७९।८० को क्रियाकलाप नं २.७.१३.४० मा सामुदायिक विद्यालयको आधारभुत तथा माध्यमिक तहमा कुनै पनि दरबन्दी वा राहत अनुदान नभएका (शुन्य दरबन्दी) भएका गणित,अङग्रेजी र विज्ञान विषय शिक्षक व्यवस्थापनका लागि शिक्षण सहयोग अनुदान सम्बन्धी व्यवस्था रहेको छ । सोही बमोजिम पालिका अन्तर्गतका विद्यालयमा अनुदान कोटामा शिक्षक नियुक्त गरी मावि तहमा मासिक ३५९९० र आधारभुत तहमा मासिक २८२०० दरले १२ महिनाको पारिश्रमिक भुक्तानि हुने भनिएकोमा हुप्सेकोट मावि विरुखर्कमा शिक्षकको नियुक्ति मिति परीक्षण गर्दा बढी रकम निकासा भएकोले सम्बन्धितबाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २२,७९३ |

७८ **ग्याविन जाली -** सार्वजनिक खरिद ऐनको नियम ५क मा सार्वजनिक निकायको प्रमुखले कुनै मालसामान खरिद गरिद गर्नु अघि स्पेशिफिकेसन, योजना, डिजाईन, विशेष आवश्यकता वा अन्य विवरण तयार गर्नु वा गराउनुपर्ने उल्लेख छ। कार्यालयले गो भौ नं १८।०८०।०३।२४ मा २६ थान ग्याविन जाली खरिद गरी राधाकृष्ण ग्याविन जाली प्रालिलाइ रु ९५४८५ भुक्तानी गरेकोमा सोको दाखिला तथा प्रयोगको अवस्था नखुलेकोले सोको प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९५,४८५ |

७९ **फर्निचर खरिद -**

*........... (प्रारम्भिक प्रतिवेदन उपर फर्निचर खरिद गरेको बिल भरपाइ पेश भएको आधारमा मिति २०८०-१२-१८ को निर्णयबाट रु २००,००० सम्परीक्षण गरिएको )*

| | |
|---|---|
| **प्रमाण पेश नगरेको** | ० |

८० **विद्यालय सुधार योजना -**

*........... (प्रारम्भिक प्रतिवेदन विद्यालय सुधार योजना पेश भएको आधारमा मिति २०८०-१२-१८ को निर्णयबाट रु १४५,००० सम्परीक्षण गरिएको )*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

८१ **सुरक्षित नागरिक आवास कार्यक्रम -** सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधी, २०७५ को दफा ५ उपदफा ८ बमोजिम पहिलो किस्ता बापत साठी प्रतिशत रकम प्राप्त गरेका लाभग्राहीले उक्त रकमबाट जस्तापाता र काठ लगायतको सामग्री खरिद गरी निर्माण कार्य समपन्न भएको भनी स्थानीय तहको प्राविधिकबाट अनुसूची-३ बमोजिमको प्राविधिक प्रतिवेदन सहितको सिफारिसका आधारमा मात्र दोस्रो किस्ता उपलब्ध गराउने र दफा ६ मा तोकिएको कार्य प्रगती नभएमा उक्त रकम सम्बन्धित लाभग्राहीबाट असुल उपर गर्ने व्यवस्था रहेको छ ।यस आर्थिक वर्षमा खरको छानो विस्थापन कार्यक्रम अन्तर्गत छनौट भएका विभिन्न वडाका ७८ घर धुरीसँग सम्झौता भई प्रथम किस्ता बापतको ४५००० अनुदान

निकास भएको र कार्यप्रगतिको आधारमा दोस्रो किस्ता रकम निकासा हुनुपर्नेमा देहायका ३१ जना लाभग्राहीहरुले पहिलो किस्ता रकम लिएको तर दोस्रो किस्ता रकम भुक्तानी भएको छैन साथै हाल सम्म पनि लाभग्राहीबाट सो सम्बन्धमा कार्यालयमा कुनै कागजात पेश नभएकोले उक्त रकमको सदुपयोग भएको नभएको सम्बन्धमा सुनिश्चित हुन नसकिएकोले प्राविधिकबाट मूल्यांकन गरी सोको प्रमाण पेश गर्नु पर्ने रु

| सि नं | लाभग्राहीको नाम | ठेगाना | रकम |
|---|---|---|---|
| १ | सुमित्रा बि.क. | हुप्सेकोट १ | ४५००० |
| २ | सिता राम महतो | हुप्सेकोट १ | ४५००० |
| ३ | माया महतो | हुप्सेकोट १ | ४५००० |
| ४ | पूर्ण बहादुर नेपाली | हुप्सेकोट १ | ४५००० |
| ५ | बुद्धि माया खुलाल | हुप्सेकोट १ | ४५००० |
| ६ | पदम बहादुर थापा मगर | हुप्सेकोट १ | ४५००० |
| ७ | स्याम माया दर्जि | हुप्सेकोट १ | ४५००० |
| ८ | कुल बहादुर परियार | हुप्सेकोट १ | ४५००० |
| ९ | श्याम लाल थारु | हुप्सेकोट १ | ४५००० |
| १० | विश्री गाहा मगर | हुप्सेकोट १ | ४५००० |
| ११ | हस्त बहादुर दमै | हुप्सेकोट ४ | ४५००० |
| १२ | विर बहादुर वि.क. | हुप्सेकोट ६ | ४५००० |
| १३ | चतुर धन आले मगर | हुप्सेकोट ६ | ४५००० |
| १४ | पुर्ण सिं आले मगर | हुप्सेकोट ६ | ४५००० |
| १५ | पूरन सिंह सोमै मगर | हुप्सेकोट ६ | ४५००० |
| १६ | शेर बहादुर कामी | हुप्सेकोट ६ | ४५००० |
| १७ | केशर विश्वकर्मा | हुप्सेकोट ६ | ४५००० |
| १८ | धनसरी पाण्डे मगर | हुप्सेकोट ६ | ४५००० |
| १९ | वेल बहादुर ढिङ्गा मगर | हुप्सेकोट ६ | ४५००० |
| २० | जामी ढेंगा | हुप्सेकोट ६ | ४५००० |
| २१ | लिल बहादुर सिंजाली | हुप्सेकोट ६ | ४५००० |
| २२ | बोम बहादुर सारु मगर | हुप्सेकोट ६ | ४५००० |
| २३ | टिकाराम वि.क. | हुप्सेकोट ६ | ४५००० |
| २४ | भिम बहादुर ढेंगा | हुप्सेकोट ६ | ४५००० |
| २५ | खर्गवती सोमै मगर | हुप्सेकोट ६ | ४५००० |
| २६ | मनोज परियार | हुप्सेकोट १ | ४५००० |
| २७ | टिका माया परियार | हुप्सेकोट १ | ४५००० |

| | | | |
|---|---|---|---|
| २८ | दिपक विश्वकर्मा | हुप्सेकोट २ | ४५००० |
| २९ | नारायण परियार | हुप्सेकोट २ | ४५००० |
| ३० | मान बहादुर खाम्चा | हुप्सेकोट ४ | ४५००० |
| ३१ | आइत सिं पुजारी सारु मगर | हुप्सेकोट ४ | ४५००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,९५,००० |

८२ **मिति नखुलेको अनुगमन खर्च -** गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७९ को नियम ३६ (५) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ ।कार्यालयले गो भौ नं २०१।०८०।०३।२२ मा प्र म रोजगार कार्यक्रम योजनाहरुको अनुगमन गरी विभिन्न कर्मचारीलाई रु ६१००० भत्ता भुक्तानी गरेकोमा अनुगमन गरेको मिति नखुलेकोले कुनै पनि कार्यक्रम र योजनाको अनुगमन गर्दा अनुगमन गरिएको स्थान,मिति तथा अगुगमन प्रतिवेदन संलग्न गरे पछि मात्र भुक्तानी गर्ने कार्यमा सुधार गर्नुपर्दछ ।

८३ **शीर्षक फरक पारी खर्च -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा १९ को (२) तथा एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ मा सार्वजनिक निकायले गर्नुपर्ने खर्च शीर्षक तोकी सोहीबमोजिम खर्च गर्नुपर्ने उल्लेख रहेको छ ।पालिकाले गौ भ नं २१९।०८०।०३।०३ मा सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापन शीर्षकबाट विद्यालयमा दिवा खाजाको लागि रकम भुक्तानी गरेकोले स्वीकृत बजेट कार्यक्रम अनुसार खर्च गर्नुपर्ने रु

| | |
|---|---|
| अनियमित भएको | ५,५७,२४५ |

८४ **विद्यालय सुधार योजना तथा लेखापरीक्षण अनुदान -** विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयन निर्देशिका २०७९।८० को क्रियाकलाप नं २.७.१३.१० मा स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमध्ये आधारभुत तह सञ्चालित विद्यालयहरुका लागि प्रति विद्यालय रु १० हजार र माध्यमिक तह सञ्चालित विद्यालयहरुमा प्रति विद्यालय रु १५ हजारको दरले सामाजिक तथा आर्थिक लेखापरीक्षण शिर्षकमा एकमुष्ट अनुदान निकासा दिने व्यवस्था छ।यस वर्ष पालिकाले पालिकाको ४० विद्यालयमा सामाजिक तथा आर्थिक लेखापरिक्षण बापत रु ४४००००।-निकासा गरी खर्च लेखेकोमा निकासा भएको आर्थिक वर्षको देहायको विद्यालयको आर्थिक लेखापरीक्षण भई प्रतिवेदन पेश नभएकोले आर्थिक लेखापरीक्षण गराइ सोको प्रमाण पेश गर्नुपर्ने रु

| **विद्यालयको नाम** | **रकम** |
|---|---|
| ज्वाला मावि झ्याल्वास | १५००० |
| शिक्षा बोधनी मावि रुद्रपुर | १५००० |
| हुप्सेकोट जनकल्याण आवि मोहन्डाँडा | १०००० |
| रुपकला प्रावि राम्चे | १०००० |

| | |
|---|---|
| सरस्वती प्रावि रातोभञ्जाङ | १०००० |
| लायनखोला आवि | १०००० |
| जम्मा | ७०००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७०,००० |

८५ **प्रधानमन्त्री रोजगार कार्यक्रम —** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरि बेरोजगारको सूचिमा समावेश भएकोलाई मात्र काम तथा रोजगार दिइएको छ । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना गरी योजना छनौट भएको भएको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक ढलान, सिंचाई कूलो निर्माण, पूराना चौपारी संरक्षण निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष १४५ जनालाई रोजगारी उपलव्ध गराई रु. ४१०९६३८/- खर्च गरेको छ । लक्षित वर्गलाई १६ दिनदेखि १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, र गाउँपालिकाको तर्फबाट निर्माण सामाग्री खरिद गरी माथी उल्लेखित कर्यिक्रम खर्च खर्च भएको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन यस कार्यक्रम अन्तर्गत भएका प्रमुख कार्य रोजगारी सिर्जना भएको अवधि रोजगार पाउनेको संख्या र खर्च समेत समावेश गरी अनिवार्य रुपमा प्रतिवेदनमा समावेश गरिएको छ ।

८६ **गाडी भाडा सम्झौता -**

✂ ........... ***(प्रारम्भिक प्रतिवेदन उपर गाडी भाडा सम्झौताको प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-१८ को निर्णयबाट रु १२५,५०० सम्परीक्षण गरिएको)***

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

८७ **बढी भुक्तानी -** गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७९ को नियम ३६ (५) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ ।कार्यालयले भौचर नं. ६६५ मिति २०८०/३/२८ बाट कस्मिक इलेक्ट्रिक एण्ड मेशिनरीलाई आपतकालीन पाइप खरिद गर्दा २५ mm को ३५० थानको प्रति मिटर ५२.५२ ले भुक्तानी हुनु पर्नेमा ६१.३८ को दरले भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गरी राजश्व दाखिला गर्नु पर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,५६० |

८८ **कार्य सम्पन्न प्रतिवेदन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ (२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समास भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई

कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ। यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन। कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन ।

८९ **प्रशासनिक भवन -** गाउँपालिका प्रशासकीय भवन निर्माणको लागि निर्माण व्यवसायि श्री ह्याबिटयाट कन्स्ट्रक्शन इन्जिनियर्स प्रा लि काठमाण्डौ संग २ वर्षमा सम्पन्न गर्ने गरी मिति २०७९।०२।२३ मा मू अ कर सहित रु ४६७०३२६४।२५ मा सम्झौता भएको छ । यस बर्ष ७ वटा रनिङ बिल बाट रु ३८२३५२०९ (मुल्य समायोजन बाहेक) भुक्तानी भएको छ । चालु आवमा निर्माण कार्य सम्पन्न भइ अन्तिम बिल समेत पेश भएकोमा भवन समुद्घाटन पश्चात नयाँ भवनबाट कार्य सञ्चालन भइसकेको भएतापनि भुक्तानी बाँकी रहेको देखियो । यस सम्बन्धी अन्य व्यहोरा निम्न छन ।

८९.१ भेरिएशनः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको ड्रइङ्ग र डिजाइन तथा लागत अनुमान तयार गरी नियम १४ बमोजिम स्वीकृत गराउनु पर्ने व्यवस्था छ । त्यस्तै सार्वजिनक खरिद ऐन २०६३ को दफा ५४(१) मा खरिद सम्झौता गर्दाको बखत पुर्वानुमान गर्न नसकिएको परिस्थितिमा कारण खुलाई अधिकार प्राप्त अधिकारिले भेरिएशन आदेश गर्न सक्ने व्यवस्था छ । यस भवन निर्माण कार्यको ड्रइङ डिजाइनको कार्य परामर्शदाता बाट सम्पन्न भएको थियो । निर्माण कार्यको सिलिसलामा विभिन्न आइटम थपघट गर्नुपर्ने तथा केहि नयाँ आइटम थप गर्न पालिकाको मिति २०७९।१२।०१ को निर्णयबाट प्रथम भेरिएशन आदेश स्वीकृत भइ सम्झौता मूल्य रु ५२०८३६४४ कायम भएकोमा पुःन मिति २०८०।०२।३० को निर्णयबाट दोस्रो पटक भेरिएशन आदेश स्वीकृत भइ शुरु सम्झौताको २३.४५% , अर्थात रु ५७६५९५१८ नयाँ सम्झौता मूल्य कायम भएको देखियो।पूर्वानुमान गर्न सकिने आइटम को समेत भेरिएशन आदेश जारी गर्नुपर्ने अवस्था सृजना भएकोले शुरुको डिजाइन र लागत अनुमान भरपर्दा भन्न सकिने अवस्था देखिएन । अतः निर्माण कार्यको डिजाइन तथा लागत अनुमानमा त्रुटी गर्ने परामर्शदातालाई प्रत्यक्ष कानुनी दायरामा ल्याउनुपर्दछ ।

८९.२ मूल्य समायोजन भुक्तानीः ठेक्काको एस.सी.सी. को जि.सी.सी ५३.१ मा ठेक्काको मूल्य समायोजन भुक्तानी नदिने ब्यबस्था गरेको छ ।त्यसै गरी एस.सी.सी. को जि.सी.सी ५३.७ मा समेत यस निर्माण कार्यको लागि मूल्य समायोजन लागू नहुने व्यहोरा उल्लेख छ । यद्यपी सोही ठेक्कामा (Hup/NCB/Work/04/2078/79) दोस्रो, तेस्रो, पाँचौ र सातौ रनिङ बिलबाट मू.अ कर सहित रु. २१५५८९४ मूल्य समायोजन बापत भुक्तानी दिईएको पाईएकोले सम्झौता विपरीत भुक्तानी गरेको मूल्य समायोजन रकम असुल उपर गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २१,५५,८९४ |

९० **कार्यसम्पन्न प्रतिवेदन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य , आपूर्ति गरिएको ममालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा सो को प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ ।कार्यालयले उल्लिखित कानूनी व्यवस्था बमोजिम निर्माण कार्य सम्पन्न भएपछि कार्य स्वीकार प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन ।अतः उपरोक्त निर्माण कार्यको कार्यस्वीकार प्रतिवेदन रु १००४४९५९ पेश गर्नुपर्दछ।

| गो भौ नं मिति | कामको विवरण | निर्माण व्यवसायीको नाम | कुल कार्यसम्पन्न रकम |
|---|---|---|---|
| ६१।२०७९।११।०८ | वडा नं ५ को कार्यालय र बर्थिङ सेन्टर घेराबार | मल्टी इन्जिनियरिङ निर्माण सेवा | ९८८३१० |
| ६२।२०७९।११।०८ | वडा नं ५ को बर्थिङ सेन्टर निर्माण | मल्टी इन्जिनियरिङ निर्माण | ३४०३९२८ |
| ४४।२०८०।०३।१८ | डण्डा झ्यालबास सडक कालोपत्रे | दया श्री कन्स्ट्रक्सन प्रा लि | २४३३२३४ |
| ४३।२०८०।०३।१८ | झ्यालबास सम्मेनी सडक कालोपत्रे | दया श्री कन्स्ट्रक्सन प्रा लि | ३२१९४८६.९६ |
| **जम्मा** | | | **१००४४९५९** |

९१ **रिटेन्शन मनी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(४) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिजकको भुक्तानी गर्दा रिटेन्शन मनी वापत बिलमा उल्लिखित रकमको ५ प्रतिशत रकम कट्टा गरी राख्नुपर्ने व्यवस्था छ।कार्यालयले दया श्री कन्स्ट्रक्सन प्रा लिलाई रुद्रपुरगढी संरक्षण तथा पर्यटन प्रवर्धन कार्यक्रम, पदमार्ग निर्माणको प्रथम रनिङ बिल रकम भ्याट बाहेक रु २३१३४५० भुक्तानी गर्दा सो वापतको ५ प्रतिशत रिटेन्सन मनी रु ११५६७२ कट्टी नगरी भुक्तानी गरेकोमा कट्टी गरेको प्रमाण पेश गर्नुपर्ने रु–

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,१५,६७२ |

९२ **खरिद तथा ठेक्का अभिलेख -** खरिद तथा ठेक्का अभिलेख सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छनः

९२.१ ठेक्काबाट भएको कामको अभिलेख काम हुने सबै सार्वजनिक निकायले म ले प फा नं ५०६ बमोजिमको ढाँचामा ठेक्कागत अभिलेख खाता र म ले प फा नं ५०७ बमोजिम ठेक्का सम्बन्धी गोश्वारा लगत राख्नु पर्दछ । यस पालिकाले उक्त म. ले. प. फा नं ५०६ बमोजिमको ढाँचामा ठेक्कागत अभिलेख खाता र म .ले. प. फा नं ५०७ बमोजिम ठेक्का सम्बन्धी गोश्वारा लगत राखेको देखिएन । नियमको पालना गर्नुपर्दछ।

९२.२ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४९ बमोजिम सार्वजनिक निकायले खरिद कारवाहीको अभिलेख राख्नुपर्नेमा सो बमोजिम अभिलेख व्यवस्थित गरी राखेको देखिएन । यसबाट अभिलेखको अभावमा खरिद व्यस्थापन गरिएका कार्यको व्यवस्थित नियन्त्रण हुन सक्ने देखिएन । कार्यालयमा प्राविधिक कर्मचारीको फेरबदल हुँदा ठेक्का फाइल तथा संबद्ध सूचनाहरु बरबुझारथ गरी जिम्मेवारी हस्तान्तरण गर्को समेत देखिएन । कार्यालयले नियमको पालना गरी खरिद कारवाहीको अभिलेख राख्ने व्यवस्था गर्नुपर्दछ ।

## अनुसूचीहरू

अनुसूची - १

### आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान: हुप्सेकोट गाउँपालिका, नवलपुर , हुप्सेकोट गाउँपालिका , नवलपरासी बर्दघाट सुस्ता पुर्व

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | टंकनाथ घिमिरे | २०७९-१२-१६ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | सुरेन्द्र प्रसाद बस्याल | २०७८-९-२९ | २०७९-१२-६ |
| लेखा प्रमुख | राजेन्द्र प्रसाद रेग्मी | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ४,७२४,४२७ | ३,०७८,३५१ | १३,२१३,५५५ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | २१,०१६,३३३ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | १,४४३,५१५ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ५,३८३,२१९ |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | २४,९५६,०३७ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ५७६८८४४१.५९ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३५२६४७९१५ | **चालु खर्च** | २९२०२८३९३.०७ |
| **प्रदेश सरकारबाट अनुदान** | १५९८५५०० | **पूँजीगत खर्च** | १७९२९६०८२ |
| **राजश्व बाँडफाँट** | ९५७०८८२४.९६ | **वित्तीय/अन्य व्यवस्था** | १४३३२६२५२.०९ |
| **आन्तरिक आय** | ११३५१४८४.७८ | | |
| **अन्य आय** | १३१५०५२७९.७५ | | |
| **कुल आय** | ६०७१९९००४.४९ | **कुल खर्च** | ६१४६५०७२७.१६ |
| **बाँकी मौज्दात** | | ५०२३६७१८.९२ | |

**बेरूजु दफा ३ सँग सम्बन्धित विवरण - अनुसूची -३**

| | | | | | |
|---|---|---|---|---|---|
| आ.व. : २०७९/८० अवधी : २०७९/०४/०१ - २०८०/०३/३१ | | | | | |
| प्राप्ती भुक्तानी हिसाव | | | | | |
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ६३,८७,०६,८६२.४१ | ४८,२३,३१,६६९.७४ | | ४८,२३,३१,६६९.७४ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ६२,२८,४१,८६५.०० | ४६,७०,११,९२१.७४ | ० | ४६,७०,११,९२१.७४ |
| ११००० कर | ११ | १०,७६,९७,५००.०० | ८,६६,२९,६१८.१७ | ० | ८,६६,२९,६१८.१७ |
| १३००० अनुदान | | ४०,१९,१६,०००.०० | ३५,९१,६७,०३४.०० | ० | ३५,९१,६७,०३४.०० |
| संघीय सरकार | १२ | ३७,९३,६१,०००.०० | ३४,५३,९९,३४३.०० | ० | ३४,५३,९९,३४३.०० |
| प्रदेश सरकार | १२ | २,२५,५५,०००.०० | १,३७,६७,६९१.०० | ० | १,३७,६७,६९१.०० |
| जनसहभागिता | | ० | ० | ० | ० |
| १४००० अन्य राजस्व | | ७,७२,४७,५००.०० | २,११,६७,७०५.५७ | ० | २,११,६७,७०५.५७ |
| १५००० विविध प्राप्ति | | ० | ४७,५६४.०० | ० | ४७,५६४.०० |
| ३२००० वित्तीय सम्पत्ति | | ३,५९,८०,८६५.०० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | १,५८,६४,९९७.४१ | १,५३,१९,७४८.०० | | १,५३,१९,७४८.०० |
| वितरण गर्न बाकी राजस्व | | ० | १,२२,६६२.०० | ० | १,२२,६६२.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| कोषहरु | | १,५८,६४,९९७.४१ | १,१२,५०,०००.०० | ० | १,१२,५०,०००.०० |
| धरौटी | | ० | ३९,४७,०८६.०० | ० | ३९,४७,०८६.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ६३,८७,०६,८६२.४१ | ४८,१३,२२,७९२.७३ | | ४८,१३,२२,७९२.७३ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ६२,२८,४१,८६५.०० | ४७,२७,२९,३२०.९१ | | ४७,२७,२९,३२०.९१ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १४,७६,२२,०००.०० | १४,२८,७६,४४५.६६ | ० | १४,२८,७६,४४५.६६ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १८,२३,१७,०००.०० | १४,५८,२३,७८१.२५ | ० | १४,५८,२३,७८१.२५ |
| २५००० सहायता (Subsidy) | १८ | ३,५०,०००.०० | १,४४,१७९.०० | ० | १,४४,१७९.०० |
| २७००० सामाजिक सुरक्षा | १८ | २९,१०,०००.०० | २५,७०,०००.०० | ० | २५,७०,०००.०० |
| २८००० अन्य खर्च | १८ | १२,४५,०००.०० | ११,८५,५२३.०० | ० | ११,८५,५२३.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २८,८३,९७,८६५.०० | १८,०१,२९,३९२.०० | ० | १८,०१,२९,३९२.०० |
| घ. अन्य भूक्तानी | | १,५८,६४,९९७.४१ | ८५,९३,४७१.८२ | | ८५,९३,४७१.८२ |
| कोषहरु | | १,५८,६४,९९७.४१ | ६८,३२,३४३.०४ | ० | ६८,३२,३४३.०४ |

| | | | | | |
|---|---|---|---|---|---|
| धरौटी | | ० | १८,३८,२९२.०० | ० | १८,३८,२९२.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -७७,१६३.२२ | | -७७,१६३.२२ |
| ङ. यो वर्षको बचत (न्युन) | | | १०,०८,८७७.०१ | | १०,०८,८७७.०१ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ४,७८,३२,०२८.३४ | | ४,७८,३२,०२८.३४ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | ४,८८,४०,९०५.३५ | | ४,८८,४०,९०५.३५ |
| | | | | | |
| बैंक तथा नगद बाकी | २४ | | ४,८८,४०,९०५.३५ | | ४,८८,४०,९०५.३५ |

| अन्तर सरकारी वित्तीय हस्तान्तरण तर्फः | | | |
|---|---|---|---|
| आम्दानी शिर्षक | रकम | खर्च शिर्षक | रकम |
| सामाजिक सुरक्षा तथा संरक्षण | १०१६२३७११ | सामाजिक सुरक्षा तथा संरक्षण | १०१६२३७११ |
| स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम | १८000000 | स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम | १८000000 |
| प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम | ५६३३६५६ | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम | ५६३३६५६ |
| जम्मा | १२५२५७३६७ | जम्मा | १२५२५७३६७ |

संपरीक्षणबाट थप भएको बेरूजू

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| १ | **निर्माण कार्यको गुणस्तरः** पालिकाबाट हुने निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्ने जिम्मेवारी सम्बन्धीत उपभोक्ता समिति, निर्माण व्यववसायी, अनुगमन समिति र | 5383219.00 |

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| | कार्यालयको हो । यसका लागी स्वीकृत ड्रइङ्ग, डिजाइन र स्पेसिफिकेशन बमोजिम निर्माण सामग्रीको गुणस्तर कायम गर्नुपर्ने, निर्माण विधि र प्रकृया कार्यालयसँग भएको सम्झौता बमोजिम हुनुपर्ने, मितव्ययिताका लागि स्थानीय स्तरमा उपलब्ध गुणस्तरयुक्त सामग्रीको उपयोग गर्नुपर्दछ । तर कार्यालयले उपभोक्ता समिति र निर्माण व्यवसायी मार्फत सोझै गराएका निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, कंक्रिटिङ्ग कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट, ग्याबियन तारजालीको ल्याब टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक मात्रामा गुणस्तर परीक्षण गराउने तर्फ कार्यालयको पहल हुनुपर्दछ । | |
| | **पेश्की बाँकी:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद ५ मा पेश्की दिने तथा फछ्र्यौट गर्ने सम्बन्धी व्यवस्था छ । बमोजिम एक आर्थिक वर्षमा गएको पेश्की सोही आर्थिक वर्षमा फछ्यौट हुन नसकी बाँकी रहेमा आगामी वर्षमा जिम्मेवारी कायम गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले देहाय अनुसारको म्याद नाघेको तथा ननाघेको पेश्की फर्छ्यौट गर्नुपर्ने रु . ५३८३२१९ . ०० | |

| सि.न. | गो भौ नं | पेश्कीको विवरण | पेश्की लिने व्यक्ति, फर्म वा कम्पनीको नाम | म्याद ननाघेको | म्याद नाघेको |
|---|---|---|---|---|---|
| १ | ५ | कृषि उपज केन्द्र निर्माण | देवचुली कन्स्ट्रक्सन कम्पनी प्रा.लि. | | २८३२१९ |
| २ | १३ | कृषि उपज केन्द्र निर्माण | देवचुली कन्स्ट्रक्सन कम्पनी प्रा.लि. | | ४५००००० |
| ३ | ११२ | हुप्सेकोट प्राविधिक शिक्षालय भवन निर्माण | देवचुली कन्स्ट्रक्सन कम्पनी प्रा.लि. | | ६००००० |
| ४ | ३३ | समपूरक कोष | देवचुली कन्स्ट्रक्सन कम्पनी प्रा.लि. | ४५००००० | |

| क.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | ३६ | रुद्रपुरगढी संरक्षण तथा पर्यटन प्रवर्धन कार्यक्रम | दया श्री कन्स्ट्रक्सन प्रा.लि. | १४३५००० | |
| ६ | ३८ | रुद्रपुरगढी संरक्षण तथा पर्यटन प्रवर्धन कार्यक्रम | दया श्री कन्स्ट्रक्सन प्रा.लि. | १४३५००० | |
| ७ | १ | समपूरक कोष | ह्याबीटयाट कन्सट्रक्सन इन्जिनियर्स प्रा.लि. | १८४६३७१ | |
| | | | | **९२१६३७१** | **५३८३२१९** |

न